साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरूको साझा पत्रिका
वर्ष ४४ अंक १४ २०८२ कात्तिक ११ गते मंगलबार (Oct. 28, 2025) मूल्य रू. १०/-

## प्रधानमन्त्री नै अपराधीबाट थुरथुर



देशको प्रधानमन्त्री नै अपराधीबाट थुरथुर हुन्छिन् भने कानुनव्यवस्था कसरी कायम हुनसक्छ ? प्रश्न उठेको छ ।

सामाजिक सञ्जालमा प्रधानमन्त्री सुशीला कार्कीले भनेको भनेर सबैले देखे, पढेको वाक्य हो- “प्रमुख नेताहरूलाई पक्राउ गर्दा हामीलाई नै सुरक्षा थ्रेट हुन सक्छ । मलाई पनि गोली हान्न सक्छन् ।”

यसको अर्थ हो, अराजकता व्यापक छ, देशको मामिला गम्भीर अवस्थामा छ । विश्लेषकहरूले सुझाव दिएका छन् कि सम्हाल्छु भनेर आएकी प्रधानमन्त्रीले नसक्ने भए सत्ता छाडेर सुरक्षित हुनु वेश ।

## चुनावी सहयोग छिमेकीबाट आउँदै



राष्ट्रका सम्पदा र सम्पत्ति खरानी भए, फागुन २१ को चुनावमा चाहिने सवारी साधन, चुनावमा प्रयोग हुने सामग्रीहरूसमेत दुबै छिमेकी चीन र भारतले दिने भएका छन् । नेपालले माँगेको होइन, उनीहरूले नै दिन तत्परता देखाएका हुन् । दक्षिण दूतावासले ४ सय सवारी साधन र अन्य सामग्री दिने पेशकश गरेकोमा नेपालले उत्तरबाट पनि आधा आधा मिलाएर लिने योजना बनाएको छ ।

गत भदौ ३१ गते प्रधानमन्त्रीले विदेशी कूटनीतिज्ञहरूलाई निम्त्याएर फागुन २१ को चुनावको कुरा बिफ्रिङ गर्दा चुनावको प्राथमिकता बताएकी थिइन् । त्यतिबेलै दुवै देशका राजदूतले सहयोग गर्ने बचन दिएका थिए । सहयोग त जापान, अमेरिका, कोरिया, अष्ट्रेलिया लगायतका अन्य देशका राजदूतले पनि गर्ने संकेत गरेका छन् । तर सरकारले के माँग्ने, कति माँग्ने प्रष्ट नपार्दा अन्य दूतावासहरू बुझ्दै रेहेको अवस्था छ । छिमेकीले दिने सवारी साधन लगायतका सहयोग अनुदानमा आउने भएका छन् । नेपालका धेरैजसो सरकारी कार्यालय खरानी भएकाले त्यसको पुनर्निर्माणका लागि पनि विदेशीहरूले सहयोग दिन चाहेको सन्देश जेनजी सरकारलाई गराइसकेको बुझिएको छ । यो सरकारले समदूरी र असंलग्नताको नीतिमा चलेको देखाउन खोजेको छ ।

## बालेन भन्छन्- रगत पिउँछौ, लाज लाग्दैन



आफूलाई लुसिफर भनेर गिल्ला गरेको केही दिनपछि बालेनले प्रतिकार गर्दै भनेका छन्- ‘लुसिफर’, रगत पिउँछौं, लाज लाग्दैन ?

बालेनलाई जेनजी आन्दोलनसँग जोड्ने, सिंहदरवार जलाएको आरोप लगाउने, दमकल नपठाएकोमा आलोचना निकै बढाइएको छ । सेनाले समेत बालेनले दमकल पठाएको, मानवीय क्षति हुन नदिन सजगता अपनाएको प्रष्टिकरण दिइसकेको स्थितिमा पनि बालेन साह विरूद्ध आलोचनामा कमी आएको छैन । यहाँ सम्म कि बालेन साहले प्रधानमन्त्रीलाई भेटेको, हात मिलाएको, जेनजी आन्दोलनको उद्देश्यअनुरूप मन्त्रिमण्डल बनाउन र चलाउन दिएको सुझावलाई समेत दबाब दिएको अर्थमा बालेनको आलोचना गर्नेहरूको कमी छैन । यही विषयमा राजधानीका मेयर बालेन्द्र शाह ‘बालेन’ले सामाजिक सञ्जालमार्फत तीखो प्रतिक्रिया जनाएका हुन् । बालेनले आन्दोलनमा संलग्न युवापुस्तामाथि भइरहेको टिप्पणीप्रति असन्तुष्टि व्यक्त गरेका छन् र आफूलाई ‘लुसिफर’ भन्नेहरूलाई दिएका छन्- ‘लाज लाग्दैन ?’ सामाजिक सञ्जालबाट फर्काएको जवाफमा बालेनले लेखेका छन्- ‘तुइन र काठका पुल बनाउने नेताहरू भन्छन्, यो देश विदेशीले बिगार्‍यो । भिसा पाउनलाई तिमीहरूको घर धाउनुपर्छ, अरूलाई एजेन्ट भन्छौ ! आन्दोलनमा पूरै देश एमालेले कांग्रेसको जलाउँछ, कांग्रेसले एमालेको जलाउँछ, दोष आफ्ना बालबालिकालाई दिन्छौ ! चियाको टाइममा रगत पिएर अरूलाई लुसिफर भन्छौ ! लाज लाग्दैन ?’

# यक्ष प्रश्न–सकिने कि सच्चिने

जेनजी पुस्ताले आन्दोलन गरे । आन्दोलन बिद्रोहमा पुग्यो । बिद्रोह क्रान्तिमा परिणत भयो । क्रान्ति भयो तर क्रान्ति सफल भएन । बिद्रोहले स्थापित सबै मान्यता, पद्धति, नेतृत्व, संविधान, सरकार, संसद ढाल्यो । नयाँ सुरूआत हुनुपर्ने, हुनसकेन । सडकमा जेनजीले युद्ध जिते, सम्झौतामा हारे । जितलाई नयाँ पुस्ताले आफ्नो नेतृत्व स्थापित गर्न चुके । हुन त सुशीला कार्कीलाई प्रधानमन्त्री बनाएका हुन् । अनुभव चाहिने थियो, ठिकै गरेका हुन् । त्यसपछि नयाँपुस्तालाई पाखा लगाइयो । दिग्भ्रमित पारियो । यहीँनेर सफल बिद्रोहपछिको क्रान्ति असफल भएको हो । यति ठूलो रक्तपात भयो, नवयुवाहरू मारिए, राज्यआतंक भएकै हो । राज्य आतंकलाई कानुनी दायरामा ल्याउन पनि जेनजीपुस्ता अलमलमा पर्‍यो । पुराना खुँखार भ्रष्ट, अपराधिक राजनीतिका सामु जेनजी पुस्ता अन्यौलग्रस्त पारिए । देशले यूटर्न लिनेबेलामा नयाँ पुस्ताको आँखामा धुलो पारियो, अधुरो क्रान्तिले फेरि मुलुक ०७ साल, ०४६ साल, ०६३ सालमा झैं कुहिरोको काग बन्यो । ०८२ को आन्दोलन र पुराना आन्दोलनमा फरक देखिन छाड्यो । पूर्णक्रान्ति जनताको माग थियो, राष्ट्रको आवश्यकता थियो, जेनजी पुस्ताको लक्ष्य थियो । फाँड्नुपर्ने राजनीतिक ऐंजेरू थियो, फाँडिए, फेरि पलाउन थाले । फाड्नुपर्ने अपराध, घूसखोरी, अनियमितता थियो, तिनीहरू बचे । बचाइए । अब के हुन्छ, कसरी देश अघि बढ्छ, भन्न सकिन्न । चुनाव भनिएको छ, चुनाव भए पुरानै अनुहार आउने पक्का छ । चुनावी वातावरण बनेको छैन । चुनाव भएन भने के हुन्छ, उही अराजकता, अस्थिरता । त्यसपछि के हुन्छ ? कोही भन्न सक्दैन ।

भन्नेहरू भन्छन्- पुराना पार्टीले जित्ने भए, पुराना नेतालाई भ्रष्टाचार, अनियमितता र अपराधमा कारवाही नहुने भएमात्र उनीहरू चुनावमा सहभागी हुन्छन् । जेनजी पुस्ताले सुशासन र भ्रष्टाचारविरूद्ध कारवाही भनिरहेका छन् । कारवाही थालनी भयो भने चुनाव भाँडिन्छ । अपराधीहरू सलबलाउँछन् । अनि अराजकता र अस्थिरताले सीमा नाघ्छ । फेरि सेना अगाडि आउनुपर्ने स्थिति हुन्छ ।

देश अस्तित्वको संकटमा छ । सक्कली जेनजीहरू अर्को आन्दोलन, बिद्रोह, क्रान्ति भनिरहेका छन् । राजनीतिक कोर्ष सच्चिने धारमा देखिदैन । सुशासनका लागि, भ्रष्टाचारबाट मुक्तिका लागि पूर्वराजाले भनेझैं सबै राजनीतिक शक्तिका वीचमा संवाद, सहमति, सहकार्य हुनैपर्छ । ता कि भ्रष्टाचारीले उन्मुक्ति नपाओस्, सुशासन सुरू होस् । शान्ति व्यवस्था कायम होस् । जेनजी पुस्ताको नेतृत्वमा राजनीति अघि बढोस् । डामिएका सबै नेताले राजनीतिबाट सन्यास लिउन् । अब ३० वर्षे बहुदल र १८ वर्षे लोकतान्त्रिक गणतन्त्र जसरी चल्यो, त्यसरी यो देश चल्न सक्दैन । सत्य यही हो ।

आमनेपालीलाई यी भ्रष्ट राष्ट्रघातीबाट मुक्त गराउने गुरूत्तर दायित्व टड्कारो छ । परिवर्तन अधुरो भयो । कुनै पनि भ्रष्ट, ज्यानमारा, राज्यदमनकारीले छुट पाउनुहुन्न । यसका लागि देशको कानुन कमजोर छ भने बलियो बनाउनुपर्छ । अन्तर्राष्ट्रिय अदालतसम्म पनि नवयुवाको हत्यारालाई उभ्याउनै पर्छ । अबको परिवर्तन फासफुस हुनुहुन्न । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पुगेको जेनजी पुस्ताको बिद्रोह तुहिन सक्दैन । जेनजी युवाको बिद्रोह पानीको फोका भयो भने बाँकी के रहन्छ ? जो छन्, भ्रष्ट छन्, लुटाहा छन्, देशको अस्तित्व नै प्रश्नचिन्हमा परिसकेको स्थितिलाई सुधार्ने र अस्तित्वको रक्षा गर्ने युवा पुस्ताले नै हो । बुढोपुस्ताले जुका बनेर देश र जनतालाई चुस्नुसम्म चुसिसके । जुकाहरूलाई नुन दल्नुपर्छ ।

राजतन्त्रसहितको प्रजातन्त्र जनताको माग हो । जेनजी पुस्ता पनि अभिभावककै पक्षमा छन् । राप्रपाको भर छैन । दुर्गा प्रसाईले गर्न सक्दैनन् । नवराज सुवेदी, कमल थापा, केशर विष्ट अथवा ६ दर्जन राजतन्त्र र हिन्दुवादी संगठनहरू पनि सबै अवसरवादीभन्दा भिन्न देखिएनन् । ९४ प्रतिशत ॐकार परिवारमा २५ प्रतिशत सडकमा निस्केको भए १८ वर्षसम्म लुटतन्त्रवाद चल्नै सक्दैनथ्यो । गणतन्त्र, लोकतन्त्रका बहानामा संघीयता सहितका पार्टीका कार्यकर्ता, नेताका छोराछोरी-नातापातावादले देशलाई लखनौं लूट मच्चाए । यसको कारण राजतन्त्र र हिन्दुवादीको असंगठित र मौसमी आन्दोलन नै हो । कसैले सोचेको थिएन कि जेनजी पुस्ताले यस्तो आन्दोलन गर्न सक्छन् । अचम्मित भयो विश्व नै । विश्व राजनीतिमा नेपाली जेनजी चर्चाको शिखरमा पुगे । वीर जेनजी पुस्ताले स्कूल, कलेजबाट सडकमा निस्किएर गरेको भदौ २३, २४ गतेको आन्दोलनमाथि राज्यले गोली बर्सायो, राज्यदमन मच्चायो । फलत एकै दिन २३ र अर्को दिन मारिनेको संख्या ७५ नाघ्यो । रक्तपातपछि आन्दोलन बिद्रोहमा परिणत भयो, बिद्रोह क्रान्तिजस्तै भयो । राज्यसंयन्त्र केही बाँकी रहेन, सबै ढल्यो । ०४६ सालपछिका बहुदले, गणतन्त्रे नेताहरू ज्यान जोगाउन अँध्यारो कोठामा लुके । २७ घण्टामा ३७ वर्ष लामो नेतातन्त्र बालुवाको महल जसरी ढल्यो । देखे, राजतन्त्र र हिन्दुवादी सबैले देखे कि टुक्रे झुण्डे आन्दोलनले नहुने रहेछ । एकजुट भएर जेनजी पुस्ताले गरेजस्तो आन्दोलन गरेको भए, भ्रष्टाचार उहिल्यै रोकिने रहेछ ।

एकछत्र छाएका नेता हुन्- कांग्रेसका शेरबहादुर देउवा, एमालेका केपी ओली, माओवादीका प्रचण्ड । अरू भुरेटाकुरे नेताहरू । कुनै पनि नेताको बिरासत बाँकी रहेन । हरेक नेता केही हप्तामै राजनीतिबाट अस्ताउने निश्चित छ । चुनाव भए पनि नभए पनि, स्थिरता बने पनि नबने पनि, पुराना नेताहरूले शासन गर्नेदिन सकिए । जुनसुकै दलका हुन्, शासन गर्ने नवपुस्ताले नै हो । पुस्तान्तरण अवश्यम्भावी छ । डोनाल्ड ट्रम्प, पुटिन, नरेन्द्र मोदीलाई देखाएर सोच जेनजी पुस्ताको जस्तो हुनुपर्छ, उमेरले हुँदैन भन्नेहरू हार खान थालिसकेका छन् । नेपालका युवा ताते । नेपोटिजम र नेपोबेबीइजमले अर्को १० वर्षसम्म युवालाई तताइरहनेछ । भ्रष्टाचारीहरू अहिले नै सचेत हुनथालेका छन् । युवा पुस्ताले बिस्तारै राजनीति बुझ्न थालेका छन् । आफूले जितेको जित खोसिएको विषयमा बुझ्न थालेका छन् । देश बेच्ने, सीमा बेच्ने, राष्ट्राधिकार बेच्ने, जनाधिकार बेच्ने, लुट्ने कोही पनि सुरक्षित छैनन् भन्ने भय देशव्यापी फैलिसकेको छ । पुराना नेताहरूले बुझ्नैपर्ने विषय भनेको इज्जत रहेन, सम्मान गुमाए । कलंकित भइसके । बाँकी जीवन देश र जनताका लागि किन अर्पण नगर्ने ? यदि त्याग गर्न चाहेनन् भने लेण्डुपजसरी आत्मघात गर्नुपर्नेछ ।

जेनजी पुस्तालाई अर्को आन्दोलनका लागि नउक्साउ । जेनजी पुस्तालाई नफुटाउ । भदौ २३ गते एक भएको पनि देखेका हौला । चाहे भने जेनजी पुस्ताले ज्यान फालेरै सुशासन र भ्रष्टाचारविरोधी अभियानलाई आन्दोलन र बिद्रोहमा परिणत गर्नसक्ने रहेछन् भन्ने नबिर्सौं ।

जेनजी पुस्ताले भ्रष्टहरूलाई छाड्ने छैनन् । विधिको शासन स्थापित गरिछाड्छन् । जो जुनसुकै देशमा भागुन्, नेपालमै सुरक्षित हुने उपाय खोजुन्, छिटै छानबिन र कारवाहीको डण्डा चलाउने छन् । लाभ र लोभका लागि भ्रष्टहरूका कार्यकर्ता जो बनेका थिए, तिनीहरू पनि भदौ २३, २४ मा सडकमा निस्केकै हुन् । यसको अर्थ जुनसुकै पार्टीका कार्यकर्ता हुन्, तिनीहरू विवेकशील छन् । बाध्यतालाई मिचेर जब सबै प्रकारका जेनजीहरू सडकमा निस्कनेछन्, फेरि क्रान्ति हुनसक्छ । अबको क्रान्ति यसैगरी भ्रमित पार्न सकिने छैन । किनकि जेनजी पुस्ताले राजनीतिक छलकपट कतिसम्म हुनसक्छ, थाहापाइसके । त्यसैले सक्किने कि सच्चिने ? हेक्का राखौं सबैले ।

## आगो एआईले लगाएको हो त ?



कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नो घरमा भेटिएका जलेका नोट, डलर र अन्य मुद्राहरू एआईको करामत भएको बताए, पार्टी सभापतिबाट हट्ने जनाउ दिए । त्यसो भए आगो लगाउने पनि एआई नै हो त ?

प्रचण्ड, ओली निवासमा पनि आगलागी गरियो, सम्पत्ति, सम्पदा खरानी बनाइयो । सम्पत्ति शुद्धीकरणले देउवा, प्रचण्ड, ओली र मन्त्री दीपक खड्का निवासबाट दशी प्रमाणहरू संकलन गरेको छ । जलेका नोटबारेको अनुसन्धान कहाँ पुग्यो ? यसबारेमा अनेक प्रश्न उठेका छन् । ठूलो मात्रामा ठूला दरका नोट खरानी भएकाले हजार र ५ सय दरका नोट खारेज गर्नुपर्ने आवाज उठेको छ । यो आवाजले नेपाल राष्ट्र बैंकका गभर्नर र सञ्चालकहरू दिनदिनै छलफल गरिरहेका छन् । पूर्वन्यायाधीश बलराम केसीका अनुसार ठूला नेताहरूको घरको भग्नावशेष सुरूङ, सम्पत्तिहरू आफैंमा अकुत सम्पतिको प्रमाण हो । त्यो आफैं बोलिरहेको छ । नेताहरू र तिनका नातापाताको सम्पत्ति छानबिन भइरहेको छ, त्यसमा पनि जालझेल हुँदैछ भन्ने सूचनाहरू बाहिरिएका छन् । अख्तियार किन निस्कृय छ, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पनि देखाउनुपर्ने जति सकृयता देखाएको छैन । यसको अर्थ जेनजीलाई असफल पार्न कर्मचारीतन्त्र, संवैधानिक निकायहरू नै लागि परेका त होइनन् । एआईलाई दोष दिएर उम्किन खोजेको त होइन ?

## जेनजी सहिद सम्झँदै माइतीघरमा भाइटीका





गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका युवाहरूको सम्झनामा कात्तिक ६ गते भाइटीकाको अवसरमा जेन-जी पुस्ताले काठमाण्डुको माइतीघरमा सामूहिक भाइटीका मनाएका छन् ।

जेजति भाइबैनीको हत्या भयो, यो दु:खद क्षणमा खुशी हुन नसकिने यो पुस्ताको भनाइ थियो ।





# वेदले भेदभाव गरेको छैन

योगी नरहरिनाथका सत्य वचन र बेदबारेमा लेखेका सत्य वचनहरू आज पनि नेपाली समाजमा साह्रै उपयोगी छन्, किन अनुशण नगर्ने ? - कविताञ्जली मिश्र

- सम्बन्धित देशको सामाजिक आर्थिक र मानसिकता अनुरूपको बिधि र पद्धति हुनुपर्छ न कि विदेशीले जबर्जस्ति थोपरी दिएको ।

- कुनै देशको अस्तित्व समाप्त पार्नु छ भने सबैभन्दा पहिले त्यो देशको धर्म सस्कृति भाषा भेष र मौलिक परम्परामाथि अतिक्रमण गर्नुपर्दछ भन्ने साम्राज्यबादीहरूवाट सचेत हुन् ढिला भइसकेको छ । देशको राजनैतिक अस्थिरताको मूलजड यस्तै साम्राज्यबादीहरूको सुनियोजित षड्यन्त्र पनि एक हो ।

- देश भनेको चारैतिर रेखांकन गरिएको भूभाग मात्र होइन । स्वतन्त्र स्वाधीन देशको आफ्नै मौलिक धर्म भाषा भेष सस्कृति र परमपरा पनि हुन्छ । त्यसमा पनि हाम्रो जस्तो १७ औ जेष्ठ देश नेपालको बिशेषता त झन महत्वको हुनु स्वभाबिक नै हो । यस्तो संबेदनशील बिषयको संरक्षणवाट नै देशको फरक अस्तित्व भएका बिबिध सम्प्रदायको पहिचानका साथै देश पनि जोगिन्छ । उसलाई खाने बाघले मलाई पनि खान्छ समाजमा एक अर्काको अस्तित्व खोज्न एक अर्काको सहयोगी हुनुपर्छ बाहिरियालाई गुहार्नु हुन्न । आयातित पद्धति भाषा नीतिले देशलाई अगाडी बढ्न दिदैंन ।

- सम्बन्धित देशको सामाजिक आर्थिक र मानसिकता अनुरूपको बिधि र पद्धति हुनुपर्छ न कि विदेशीले जबर्जस्ति थोपरी दिएको ।




- वैदिक कालमा आर्यहरूको साम्राज्य थियो । जहाँ एकजना पनि भोका नाङ्गा पिडित असन्तुष्ट रूढी थिएनन् । सम्यक राज्य नै साम्राज्य हो । वैदिक कालमा संस्कृत भाषा र वैदिक धर्म थियो ।

- जनताले राजालाई भिक्षा शिक्षा टिका अधिकार आदर र अस्तित्व दिन्छन् । जनताले नै राजाको जन्म दिन्छ । जनताले दिएको अधिकार जानेन भने राजा जान्छन् । जसरी भारतमा राजा गए ।

- राजाले राज्यभिषेक गर्ने वेलामा प्रतिज्ञा गर्नुपर्दछ । शपथ खानु पर्दछ । सबै प्रकारको सुखी भएको देश साम्राज्यमा राज्य गर्न पाउ भन्नुको मनसाय जनता सबै किसिमले सन्तुष्ट होउन् भन्ने हो । यसबाट के पनि बुझिन्छ भने जनतामा कुनै किसिमको अभाव र असन्तुष्टी नहुन् भन्ने हो ।

- सबै जातिले गायत्री दिक्षा लिन र जनै लगाउन पाउछन्, योग्य छन् । सबै नारी जातीले पनि गायत्री दिक्षा र जनै लगाउन पाउछन् । नारीले पनि गायत्री दिक्षा लिन र जनै लगाउन पाउँछन् ।

'२०० वर्ष अगाडिका राजा हुन् थारू । थारूका सुन चाँदीका सिक्का थिए ।थारू जातीले देश बचाऐका थिए । पुन: देशलाई बचाउने छन् ।

वेदले भेद गरेको छैन । सबै समान छन् । सबै हिन्दू मिलेर हिन्दू राष्ट बचाउन पर्छ । राष्ट्र वेदले परिकल्पना गरेको साम्राज्य हुनुपर्दछ । संम्यक राज्य नै साम्राज्य हो ।

योगीको प्रवचन सुनौ र शेयर पनि गरौ । ता कि हिन्दू धर्म र हिन्दू साम्राज्यको अर्थ सबैले बूझुन् । अरूको भाषा र अरूको शिक्षाको कारणले राष्ट्र र हिन्दू धर्ममा प्रतिको गलत बुझाई नै हिन्दू धर्ममा आएको विचलनको हो । हिन्दू धर्म भेदभावकारी धर्म होईन सहिष्णु रहेछ । अरूको सभ्यता नष्ट गरेर जनतालाई लुटेर साम्राज्य हुँदैन । आर्य संस्कृति अनुरूपको राज्य मात्र साम्राज्य हुनसक्छ । वैदिक हिन्दू धर्मले कसैलाई भेद गरेको छैन । हिन्द धर्म र हिन्दू साम्राज्यमा सबै अटाउन सक्छन्, सबै समान छन् । सबैले जानुन् । सबैले बुझुन् ।

हरेक मंगलबार




सत्यतथ्य र ताजा समाचारका लागि

www.sandhyakalin.com पढौं र

लेख, रचना, समाचार र बिज्ञापन पठाएर

सहयोग गरौं ।




# आजको आवश्यकता एकता र मेलमिलाप



डा. केशव देवकोटा

नेपालको राष्ट्रिय राजनीति बिचित्र ढंगले अगाडि बढिरहेको छ । यहाँ चाहिएको राष्ट्रिय एकता र मेलमिलापको राजनीति हो । तर त्यसको ठीक बिपरितका गतिबिधिहरू हुन थालेकाले देशको भाग्य र भबिश्यकाबारेमा खासगरी देशभक्त शक्तिहरूका बीचमा बिभिन्न किसिमका चिन्ता र चासोहरू ब्यक्त हुन थालेका छन् । खासमा नेपालमा हुनलागेको के हो र पछिल्ला घटनाक्रमहरू कसरी भैरहेका छन्भन्ने कुरा मुख्य ब्याख्या र बिश्लेषणको बिषय रहेको छ । जनताबाट चुनिएका जनप्रतिनिधि रहेको संसद र सरकार बिघटन गरेर देशलाई जसरी तदर्थवादी बाटोमा लगिँदैछ, यसैबाट धेरै कुराहरूको रहस्य खुल्छ । यसअघि नेपाली कांग्रेस र एमाले जस्ता नेपालका सबैभन्दा पुराना संसदवादी र ठूला दलहरूको शक्तिशाली सरकार रहेको थियो । भलै त्यसले समेत चाहेअनुसार काम गर्न/गराउन नसकेको देखेर सबैतिर आश्चर्य ब्यक्तगर्ने गरिएको थियो । हाल आएर के स्पष्ट भएको छभने नेपालमा औपचारिक सरकार जुन आए पनि अनौपचारिक सरकारले काम गर्नेगरेको रहेछ । जसलाई यसअघि पनि नेपालमा 'भूमिगत गिरोह' र अन्तराष्ट्रिय क्षेत्रमा 'डिप स्टेट'भन्ने गरिन्थो । पञ्चायत कालमासमेत भूमिगत गिरोहको धेरै चर्चा हुनेगरेको थियो । त्यतिबेला नेपालमा जो जसले भूमिगत गिरोह चलाएका थिए, तिन्ले नेपालको राजनीति मात्र नभएर संस्थापन पक्षलाईनै सिध्याए । त्यसपछि उनीहरूकोसमेत पतन भयो । ०६३ को परिवर्तन पनि हालकोजस्तै नाटकीय ढंगले भएको थियो । त्यतिबेला पनि संसद बाहिरबाट सरकार बनाउने र निर्धारित मिति सकिएको संसद ब्युँताउने लगायतका कामहरू भएका थिए ।

अनिर्वाचित ब्यक्तिहरूलाई राखेर अन्तरिम संसद, अन्तरिम सरकार र अन्तरिम संविधानसमेत बनाइएको थियो । जसले करिव साँढे आठबर्षको समय र ३० अर्बभन्दा बढी खर्च गरेर बनाएको ०७२ को संविधान नेपालका सबै समस्याहरूको जड बन्नपुगेको छ । त्यतिबेला ०७२ को संविधान बनाउन र नेपालमा गणतन्त्र घोषणा गर्न/गराउन प्रयासगर्नेहरू गत भदौको बिध्वंशकोसमेत प्रेरणाको श्रोत भएका छन् । उनीहरूले हाल ०७२ को संविधान र गणतन्त्रको नामसमेत लिन छाडेका छन् । ०६३ पछि सत्ता र शक्तिमा आउनेहरूले जातीय र क्षेत्रीय नारालाई प्रमुखता दिएका थिएभने हाल राजनीतिमा आउन खोजेकाहरूले उमेर समूहलाई प्रमुखता दिन खोजेको देखिएको छ । ०५२ पछि माओवादी जनयुद्धका नाममा १० बर्षको अवधीमा जति राष्ट्रिय सम्पति तहस नहस पारिएको थियो, गत भदौ २३ र २४ को दुई दिनमै त्यसको १० दोब्बर राष्ट्रिय सम्पति तहस नहस गरियो । हाल आएर विश्वमानै भूमिगत गिरोह (डिप स्टेट) को सञ्जाल तयार गरिएको देखिएको छ । जसमा व्यापारी, सञ्चारकर्मी, सेना, प्रहरी र अन्य तह/तप्काका कर्मचारीतन्त्रका पूर्व र बहालवाला व्यक्तिहरूलाई संलग्न गराइएको देखिएको छ । उनीहरूले एकापसमा मिलेर भूमिगत सत्ता सञ्चालन गर्नेगरेको देखिन्छ । विश्व साम्राज्यवादको नीति नै छ, फुटाउ र शासन गर । ढाडमा टेकेर टाउकोमा हिर्काउ भन्ने खालका रहेका छन् । भएभरका राम्रा र जनप्रिय नारा देउ तर काम त्यसको ठीक बिपरित गर भन्ने उनीहरूको नीति रहेको देखिएको छ । नेपालका लागि आवश्यकता भनेको एकता र मेलपिमलापको राजनीति हो ।

भूमिगत गिरोहवालाहरू त्यसको ठीक बिपरित काम गर्दछन् । नेपालले असंलग्न परराष्ट्र नीति अंगालेको छ । उनीहरू स्वतन्त्र परराष्ट्र नीतिका नाममा पश्चिमा राष्ट्रको पक्षपोषण हुनेगरी काम गर्छन् । छिमेकीहरूसँग अशल सम्बन्ध राख्नुपर्नेमा उनीहरू त्यसको ठीक बिपरितका गतिबिधिहरू गर्दछन् । भारतसँग बिगत लामो समयदेखि सम्बन्ध बिग्रेकै थियो । हाल आएर चीनसँगको सम्बन्ध पनि धमिल्याउने प्रयासहरू थालिएका छन् । क्याम्ब्रीज डिक्सनेरीले गुप्त तरिकाबाट विशेष हितको रक्षाको लागि आधार निर्माणगर्नेलाई डिप-स्टेटका रूपमा अर्थ्याउन खोजेको छ । उनीहरू जनताबाट अनुमोदन नभइकन सधै अनौपचारिक शासन चलाउन खोज्छन् । खासमा भन्ने होभने डिप-स्टेट थ्यौरीले बिश्वमा अमेरिकाको प्रभुत्व कायम गर्ने/गराउने काम गरिरहेको छ । जसको योजनाअनुसार बरिष्ठ उद्योगपति, चर्चित पत्रकार, अन्य प्रभावशाली ब्यक्ति/ब्यक्तित्वहरू समेत चल्न बाध्य हुने गरेका छन् । डिप-स्टेटको त्यस्तो दबाबसँग कतिपय अमेरिकी राष्ट्रपतिसमेत नतमस्तक हुनेगरेको बेलाबखत टिकाटिप्पणी हुने गर्दछ । अमेरिकी डिप-स्टेटले चाहेमा हरेक देशमा सरकार परिवर्तन गराउन र आफ्नो इच्छाअनुसार सरकार निर्माणगर्न सफल भूमिका निभाउँदै आएको चर्चा पनि गर्नेगरिएको छ । के भनिन्छभने उनीहरू अत्यन्त निर्मम हुन्छन् । आफ्नो स्वार्थ सिद्धगर्नका लागि मानवताको कुरा गर्छन् । तर काम त्यसको ठीक बिपरित गर्दछन् । उनीहरू आफ्नो इच्छाअनुसार नचल्ने व्यक्ति र शक्तिलाई समाप्तगर्न कुनै कसर बाँकी राख्दैनन् । विश्वभर आफ्नो प्रभूत्व कायम राख्न नोबेल पुरस्कार दिने, युद्ध र हतियारमार्फत व्यापार र सत्ता कायम राख्ने डिप-स्टेट को नीति सफल र चर्चित रहँदै आएको पाइएको छ । नेपालका सन्दर्भमा ०४६ र ०६३ मा राजनीतिक परिवर्तनको बहानामा प्रवेश गरेको डिप-स्टेटले निर्दलिय ब्यवस्थालाई समाप्त पारेर दलीय बनायो, दलीयतालाई संकटमा धकेलेर बुर्जुवा गणतन्त्र स्थापना गरायो । अब त्यसलाई पनि ढालेर फेरी निरंकुशताको बाटोमा लान खोजिरहेको देखिएको छ । नेपाल र नेपालीको आर्थिक उन्नति हुननदिने, राम्रो र देशको बस्तुस्थिति अनुसारका योजना बन्न नदिने, पूँजीगत खर्च हुननदिने, साधारणतर्फको खर्च बढाउने, वैदेशिक ऋणलाई अनुत्पादक क्षेत्रमा खर्चगर्न बाध्य बनाउने, कमिसनतन्त्रलाई बढावा दिने र देशलाई ऋणको भारी बोकाउने लगायतका गतिबिधिहरू भैरहेका छन् । नेपालका कतिपय असक्षम र नालायक व्यक्तिलाई पनि सत्ता र बिशेष पदमा पुऱ्याउँदै नेपालमा केही हुँदैनभन्ने भाष्य खडागराएर नेपाली युवायुवतीलाई विदेशिन वा नेपालमा रहेपनि डिप स्टेटको सदस्य बन्न बाध्यगराउने कामहरू भैरहेका छन् । जसका कारण यतिबेला नेपालका मजबुत र परम्परागत संस्थाहरू जीर्ण भएका छन् ।

नेपालको राजनीतिमा आन्तरिक र बाह्य डिप स्टेटको प्रभाव बढ्दैगएको देखिएको छ । पटके परिवर्तनमार्फत नेपालमा डरलाग्दा स्वार्थ समूहहरू जन्म भएको र हुर्कदै गरेको देखिएको छ । बहालवाला र सेवा निवृत्त कर्मचारीहरूको साथ सहयोगमा बिचौलियाले अभिजात वर्गलाई मुट्ठीमा पारेको देखिन्छ । स्वार्थ समूहले राजनीतिक व्यक्तित्व र सत्तासँग पहुँच बनाएको पनि देखिएको छ । सर्वसाधारणको नजरमा नपरीकननै डिप-स्टेटले पर्दा पछाडिबाट घुस र कमिशनको जालो फैलाएको देखिएको छ । पछिल्ला सरकारहरू परियोजनाको छनोट, ठेक्कापट्टा, नियुक्ति, सरूवा, बढुवामा चल्नैनसक्ने अवस्थामा पुगेको देखिएको छ । बाह्य शक्तिको भरपरेका कारण नेपालको राजनीतिक, आर्थिक र सामाजिक पक्ष कमजोर भएको छ । जसले समग्र देशलाई नै कमजोर बनाउँदै बिघटनतिर धकेलेको छ । आगामी दिनमा संसद पुनर्स्थापना भएर फेरी नेकां र एमालेको सरकार आएपनि केही फरक पर्दैन । हिजो माओवादी अध्यक्षको नेतृत्वमा साना दलजति सत्तामा र ठूला दल जति सडकमा हुँदापनि फरक परेको थिएन । त्यसैले अब नेपालको देशभक्त शक्तिले डिप स्टेटको नेपाल नीतिलाई बुझेर त्यसको ठीक बिपरित अगाडि बढ्न सक्नुपर्ने भएको छ । जसका लागि राष्ट्रिय एकता र सहमतीय राजनीतिको आवश्यकता पर्दछ । अब देशको राष्ट्रिय राजनीतिलाई त्यसै दिशामा अगाडि बढाउने र देशको अस्थित्व जोगाउने प्रयास हुनुपर्दछ ।

## शान्तिका लागि राजतन्त्रको माँग

वडा दशै, दिपावली, भिन्तुना, छठ पर्व अवसरमा शुभकामना आदान प्रदान तथा शहीद स्मारिका विमोचन, शहीद चिनियाँ लाल तथा समाजसेवी उषा सिं स्मृति प्रतिष्ठानले उषा भवन कोपुण्डोलमा सम्पन्न गरेको छ ।

यो अवसरमा बिपि कांग्रेसका नेता महेशमान सिंहले विपिको सिद्धान्त नेपाली कांग्रेसले बेचेर खाएको हुनाले राष्ट्रियता प्रजातन्त्र राजसंस्था विच अन्योन्याश्रित सम्बन्धको सेतु भाँचिकएको बताए । बुद्धि नारायण श्रेष्ठ, अभियन्ता माधव प्रसाद लामिछाने, अनन्त ज्योती शर्मा, प्रा.डा. यादव प्र. ढुंगाना, सरस्वती पन्त, प्रतिष्ठानका सचिव शंकर मघैया, रोमन पुरी, प्रद्युम्न जंग कार्की, सुदिप प्र. रेग्मी



आदी यो भन्दा बढी द्वन्द झेल्न नेपालले सक्दैन अभिभावकीय राजसंस्था अविलम्ब स्थापना गर्न आवश्यक रहेको बताएका थिए । नेपाल रक्षामञ्चका अध्यक्ष हरिचरण शाहले आफु सत्यवादी भएकोले देशमा शान्ति पहिलो शर्त भएकोले शान्तिको लागि शक्ति पीठहरूमा प्रार्थना गरिरहेको बताएका थिए । अधिकांश बक्ताले जेजनी आन्दोलनका कारण असुरक्षा बढेको बताएका थिए भने जेनजी आन्दोलनमा विदेशी घैसपैठ भएकाले ठूलो जनधन र सम्पदाको क्षति भएको कुरा पनि उठाएका थिए । यो समूहले निरन्तर शान्तिपूर्ण आन्दोलनद्वारा राजतन्त्रको माग गर्दै आए पनि सुनवाई भएको छैन ।

# शेखर ढुंगेलको विचार

बिश्व भरिको अध्यागमन कथा व्यथा पिडा देख्दा नेपालले पनि एक अति शक्तिशाली छानबिन समिति बनाइ २०४७ पछी वितरण (बेचिएका) गरिएका आप्रवासी (अंगिकृत) नागरिकताको छानबिन गर्ने र अब हामीले पनि

१. नागरिकता (स्थायी बसोबास) वितरण गर्दा ५० हज्जार डलर शुल्क लिएर कम्तिमा ३ बर्ष अस्थायी बसोबासको अनुमति पश्चात उसको चालचलन उसले देशलाई पुऱ्याएको योगदानको आधरमा मात्र स्थायी बसोबासको अनुमति दिने,

२. स्थायी बसोबास (नागरिकता) दिंदा स्थानीय सरकारको रोहबरमा चाहने व्यक्तिलाई नेपालको झण्डा समाई छातीमा हात राखेर राष्ट्रिय गान गाउन लगाएर सार्बजनिक रूपमा मात्र वितरण गर्ने,

३. त्यस्ता अंगिकृत नागरिकले नेपालको हित बिरूद्ध कर छली लगायतका काम गरे वा ५ बर्ष भन्दा बढी जेल हुने अपराध गरे सजाय भुक्तान गरि सकेपछि उसलाई देश निकाला गर्ने

४. अंगिकृतलाई नेपालको कार्यकारिणी हुन बन्चित गर्ने,

५. बैबाहिक नाताको नागरिकता कम्तिमा ५ बर्ष पछि मात्र दिने, त्यो पनि बिशेष शुल्क लिएर मात्र ।

३ करोड जनसंख्या भएको नेपालमा गिरिजाप्रसाद कोइराला देखि प्रचण्ड सम्म आईपुग्दा ६३ लाख अंगिकृत र उसको/उनको आश्रित परिवार सहित नेपालमा छन् । यो तथ्यले भोलिको नेपालको अवस्थाको अनुमान गर्न सक्नुहुन्छ ? यो समयमा अफगानी, श्रीलंकन, पाकिस्तानी, बंगदेशी, तिबेतियन, भारतीय लगायतका देशका मानिसले नेपाली नागरिकता र राहदानी लिएका छन् । यसको अनिबार्य छानबिन हुनुपर्छ, नेपाली लखेट्ने र अंगिकृतलाई ज्वाई बनाउने नेपालको बिकाउ राजनीतिको पर्दाफास गर्नु अनिबार्य छ । निर्वाचनभन्दा पहिले बर्ष दिन लगाएर भए पनि यो काम गर्नु परेको छ । नेपाली सबैले यसतिर ध्यान दिऔं ।



*प्रश्न : साउदी अरबको रियाद नेपाली पासपोर्ट लिएर झन्डै २०० रोहिन्ग्या कसरी साउदी अरब पुगे, जिम्मेवार को को हुन् ?*

# साहित्य : देश मरिसकेको छैन, बुद्धको कुण्डली जोगाऊ

### आँखाको पानी र समयको ...

आँखाको पानी र समय विराङ्ग जवानी
उडिरहेछन कठै बिल्लिबाठ बनेर खरानी

ए! मान्छे हो के जिम्दैछौं त कतै हामी ?
झाँक्री बोक्सी आफै हामी को ल्याउने हो धामी

न बुझ्यौं वर्तमान न त इतिहासकै कहानी
आँखाको पानी र समय वीराङ्ग जवानी

रोकिंदैन एकपल प्रताडित समय सिरा
पारेरैछाड्छ अन्यायलाई भष्माङ्ग चिराचिरा

डमरू त्रीशूल हो यो महादेवको राजधानी
आँखाको पानी र समयको विराङ्ग जवानी



रामेश्वर राउत मातृदास

---

### देश मरिसकेको छैन

**आगोले खाएका खण्डहरूहरूले**
**खरानीको थुप्रो देखाउँदै भनिरहेका छन्**
**म त समाप्त भएा मभएा**
**अब यो खरानी नै**
**तिम्रो पहिचान भएको छ**
**कमसेकम यो खरानीमा जोडिएको**
**मर्म र अन्तर आत्मालाई जोगाऊ**

**देश मरिसकेको छैन**
**तिमी जिउँदै हुनुको अर्थ छ भने**
**अरू थप प्रहारबाट देशलाई जोगाऊ**

**विवस भएपछि**
**खण्डहर पनि रूदोरहेछ**
**खरानी पनि रूदोरैछ**
**उनीहरू भन्दैछन्**
**त्यहाँ पनि आगो पुग्नसक्छ**
**बुद्धको कुण्डली जोगाऊ**
**हिमालको उचाई जोगाऊ ।**



दिलीप श्रेष्ठ



तोडफोड आगलागी, खरानी क्रममा छ देश
बखेडाहरू भुक्दाछन्, नायक भ्रममा छ देश
हेर त ढोका थुनेर, गाउँ बस्ती खाली खाली,
श्रमशक्ति परदेश, हाहाकार श्रममा छ देश ।

**- अर्जुन अधिकारी**



आफ्नु पोइलाई बासी मकै नाठोलाई रोटी
यस्तै यस्तै हुँदै राजनीति हुनथाल्यो खोटी
जनता हुन् न्यायाधीश सतर्कता अपनाऊँ
भन्छिन् आमा, बाबू ! झट्टै सोच एकचोटी ।

**- मुक्तिनाथ शर्मा**



हेर्नुहोस् त भगवान म जिउँदै मरेको छु
सारै कडा छिन् मेरी सामा धेरै डरेको छु
बाँच्छु मर्छु थाहा छैन् म उम्कनै नसक्ने
गहिरो मायाँ प्रेमको डुबानमा परेको छु ।

**- पारस भट्ट प्यासी**



पुऱ्याउदिन तिमीलाई चोट डराउँनु पर्दैन कहिल्यै
खाँटी बात गर्छु मैले सधैं कराउंनु पर्दैन जहिल्यै
अधेरीकै बादल झैं मडारियौं सुहाएन तिमीलाई
नलाएको बात गुनेर ब्यर्थ हराउनु पर्दैन पहिल्यै

**- चन्द्रकला आचार्य**



सुर्य जस्तै जिन्दगीमा एक्लै रमाउन सिक्नु पर्छ
काम सानोठुलो हुँदैन जिन्दगीमा कमाउन सिक्नु पर्छ
आकाश तिर हेरेर हैन जमिनतिर हेर्दै अघि बढदै
आफ्नो औकात अनुसार जिन्दगी जमाउन सिक्नु पर्छ


**- उषा केसी**



घाँटी भरि माला थियो खै कस्ले उनेको ?
तिमीले लाएको स्वेटर मैले होइन बुनेको
जीवनसाथी रोज्ने रहर मेरो आफ्नै थियो
तिमीलाई मैले हैन हेर मेरो बाउले चुनेको ।

**- पुष्पा केसी भण्डारी**

---




## पाकिस्तानी अनुसन्धानको निचोड बुद्ध नेपालमै जन्मिएका हुन्

बौद्ध गन्धार- नेपालीकरण राजन कार्की :

शुद्धोधनकी रानी महामाया वोधिसत्व गर्भमा रहेको दश महिना हुँदा आफ्ना माता पितासित भेट गर्ने इच्छाले माइतीघर देवदह जाने भइन् । माइती जाँदैगर्दा बाटोमा सालको रूखसहितको लुम्विनी बगैंचामा आराम गरिन् । त्यहीँ नै महामायालाई सुत्केरीको व्यथा लाग्यो र रानी महामायाले पुत्रलाई जन्मदिइन् ।

सिद्धार्थ जन्मिए । लुम्बिनी बगैंचामा बुद्धको जन्मदेखि महापरिनिर्वाण, महा-उपेदेश, अन्त्येष्ठी र बुद्धअस्तुहरूका वितरणसम्मको इतिबृतान्तको पुस्तक हो- बौद्ध गन्धार । यो पुस्तक पाकिस्तानी पुरातत्वविद इशान एच. नदीमले लुम्बिनीको खोजी-भ्रमण, पुरातत्वविदहरूको अनुसन्धान पछि लेखेका हुन् । यो पुस्तकको नेपालीकरण गोरखा एक्सप्रेसका सम्पादक राजन कार्कीले २०६६ सालमा प्रकाशित गरेका हुन् । यो कृति देशका सबै ठूला पुस्तकालय र त्यस समयदेखि राजनीति गर्ने र ठूला प्रशासक धेरैका हात हातमा पुऱ्याइएका छन् । यो पुस्तक नेपालस्थित कूटनीतिक नियोगहरूमा पनि पुगेको छ । तथापि बुद्धबारे अझै धेरै भ्रम विश्वमा रहेका छन् । ती सबै भ्रम चिर्न विश्वव्यापी प्रचार अभियान जरूरी देखिन्छ ।


लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल बनिसकेकाले बुद्धिष्ट देशहरूबाट सिधा उडानको व्यवस्था गर्न नसक्नु नेपालको धार्मिक पर्यटनको दु:खद पाटो हो ।

*Siddhartha Gautama, most commonly referred to as the Buddha, was a wandering ascetic and religious teacher who lived in South Asia (Nepal) during the 6th or 5th century BCE and founded Buddhism.*










एकसय दरको मुद्रा र १० रूपैयाँको टिकट । यो नई प्रकाशनको उपलब्धि अर्थात् राज्यले स्वीकार गरेको मुद्रा र हुलाक टिकट हो । सम्भवत: नइ प्रकाशन अर्थात निजी क्षेत्रले सञ्चालन गरेको प्रकाशनले राज्यबाट पाएको सबैभन्दा ठूलो सम्मान यही नै होला । नइ प्रकाशन नेपालको साहित्य इतिहासमै सबैभन्दा बढी सम्मानित र विश्वसनीय संस्था मानिन्छ । नइ प्रकाशनसँग नेपालका अधिकांश साहित्यकारहरू जोडिएका छन् । नइ प्रकाशनका तर्फबाट नरेन्द्र राज प्रसाईले लख्नुभएको छ- हिँड्दै जाँदा जिन्दगीले स्वर्णिम समय पनि पाउँदो रहेछ । पट्यार लाग्दो समयमा पनि भोकतिर्खे हिंडेको पुरस्कार राज्यबाट नै पाउँदा जिन्दगी सार्थक भएको अनुभूति भएको छ । हामीलाई यहाँसम्म ल्याउन मद्दत गर्नेहरू नै हाम्रा आफ्नै आकाश हुन्, हाम्रा आफ्नै धर्ती हुन् ।

---

## अक्षरको खेती (मुक्तकसङ्ग्रह)



अरूणबहादुर खत्री

साहित्यकार एवं मुक्तककार निर्मल रमण पराजुलीको अक्षरको खेती नामक मुक्तकसङ्ग्रह दोस्रो कृतिको रूपमा २०७५ सालमा प्रकाशित भएको छ । यस कृतिभित्र २०० मुक्तक राखिएका छन् । पहिलो कृति भए पनि यसमा काव्यिक गाम्भिर्यता रहेको छ । मुक्तकमा अनुभूतिको आयाम छ, भावनाको झिल्का छ, सहज संवेग र काव्यिक तरेलीका गराहरू छन् । सङ्ग्रहभित्रका केही मुक्तकहरू रोमाञ्चक, हाँसो र ठट्टाको भावले भरिएका पनि छन् । मुक्तक पढ्दै जाँदा लाग्छ उनी कतै उपदेशक बनेर देखिएका छन्, कतै प्रेम वियोगमा छट्पटाएका छन् त कतै अथाह मातृभक्ति दर्शाउन पुग्दछन् । साहित्यको विशेषता भनेकै पाठकमा रोचकता पस्कन सक्नु हो । आनन्दाभूति दिलाउन सक्नु हो । यस विषयमा मुक्तकमा कमी देखिदैन । उनी साहित्यप्रति सकारात्मक देखिन्छन् । साहित्य लेख्न र पढ्न मुक्तक लेखेर चम्कने गर्दछन् । धेरैले बोल्न नसकेका र नपाएका कुरा मुक्तकले बोलेका छन् । सज्जन मानिसलाई अनेक बहानामा किनारा लगाइएको छ, लाभ लिनेले लिएकै छन् ।




पहिले मान्ने तीजभन्दा, अहिले मान्ने तीज फरक
लाउने खाने कुरादेखि, सबै सबै चिज फरक
संस्कारभन्दा पनि धेरै, विकृति बढ्न थालेपछि
देख्न थालें समाजभित्र, यसले रोप्ने बिज फरक ।

छोरा नाति विदेश पसे, पाल्ने कसले हो मर्ने बेला मुखमा पानी, हाल्ने कसले हो मुक्तककार पराजुलीले आफ्नो मुक्तकमा लेखेका छन् । मुक्तकमा आफ्ना जीवनका भोगाइ, तीतामीठा अनुभव र जीवनप्रतिको गुनासाहरू मात्र नपोखेर यिनले मातृभूमिप्रतिको कर्तव्यवोध गराउने खालका भाव र अनुभूतिलाई पनि कुशलताका साथ उतारेका छन् । आफ्नो स्वभाव अनुरूप यिनी सृजनामा गम्भीर समेत देखिन्छन् । निरन्तरता नछोड्ने शर्तमा यो गम्भीरता यिनको उज्यालो भविष्यको द्यौतक हो । मुक्तक सङ्ग्रहमा यो पहिलो कृति भए पनि यिनको अतृप्त चाहनाका मझेरीमा नामक कविता सङ्ग्रह २०७३ सालमा प्रकाशित भैसकेको छ । यिनका मुक्तकमा मायाप्रीति र हतास भन्दा विषयगत विविधता देखिन्छ ।

आफ्नो स्वार्थ पूरा गर्न, पशु वली लिएका छौं
हत्या गर्दा रून्छ पशु, त्यसको आँसु पिएका छौं
कहाँ देख्यौ भन तिम्ले, रगत पिउने देवी देवता
भ्रममा परी व्यर्थै कति, पशुको ज्यान लिएका छौं ।

मान्छेले पाप गर्न थाल्छ, मन दुष्ट भएपछि उसले गलत कदम चाल्छ, बुद्धि नष्ट भएपछि पराजुलीले मुक्तक बनाएर लेखेका छन् । आमा तिम्रो काखमा मात्रै मनले शान्ति पाउँछ किन जहाँ पुगूँ आँखाभरी, तिम्रै तस्बीर छाउँछ किन कवि पराजुलीले मुक्तकमा लेखेका छन् । उनका मुक्तकहरू मध्ये केहीमा जीवनधर्मिता, कर्मठता, गतिशिलता, क्रान्ति जस्ता विषयसँग सम्बन्धित मुक्तकहरू छन् । पराजुलीका मुक्तकहरू देशभक्ति पनि छन् । उनका मुक्तकको भाषा स्वाभाविक र सरल छ । मुक्तकको लयविधिको सीमा कतैकतै मिचिएको छ । आफूले जीवनमा प्रत्यक्ष देखे भोगेका विषयवस्तुलाई मुक्तकको रूपमा लेखेका छन् । जीवनमा आइपर्ने जस्तोसुकै अनुकूल-प्रतिकूल परिस्थितिको सामना गर्दै यिनले आर्जन गरेका तिता-मिठा अनुभव र अनुभूति अनि देशप्रतिको यिनको मोह सामाजिक विसङ्गतिको चित्रण, लैङ्गिक मनोभावप्रति देखिएको दृष्टिकोण साथै दर्शन र आध्यात्मको चेतना आदि सबै यस सङ्ग्रहभित्रको मुक्तकमा अटाएको देखिन्छ । आधुनिक नेपाली मुक्तक साहित्यलाई दरिलो बनाउन मुक्तकमा यिनले देखाएको अभिरूचि र प्रतिभा अनि पुऱ्याउन लागेको योगदानको कदर गर्नैपर्छ ।

गाउँमा दु:ख गर्नु हुन्न, शहर पसौ भन्दै आउलान्
दुबै मिली माया डोरी, सँगै कसौ भन्दै आउलान्
होस गर्नु है सोझा चेली, दलाल होलान् त्यस्ता मान्छे
बिहे गरी ढुक्कसँग, उतै बसौ भन्दै आउलान् ।

गीत गजल जस्तो मुक्तकलाई गाएर सुनाउने प्रचलन छैन । तर पनि कसै कसैले गाउने प्रयास गरेका छन् तर सफलता पाएका छैनन् । पराजुलीले मुक्तकलाई जुन उद्देश्यले अपनाए पनि लेखकीय साधनाको निरन्तरतालाई नछाडे सफलता यिनको लागि टाढा छैन । धेरै मुक्तक स्रष्टाहरूको सामिप्यता र मञ्च तथा प्रगतिको उपलब्धताले पनि मलाई लाग्छ यिनको निम्ति साहित्यिक परिवेश त्यति नराम्रो पनि छैन । मुक्तककार पराजुलीमा देशभक्ति र यसप्रतिको प्रेम साह्रै निर्मल र गहिरो छ । उनले व्यक्गित रूपमा आफू पराजित भए पनि मुलुकले कहिल्यै यस्ता पीडा नभोगोस् मुक्तक मार्फत भन्ने गर्छन् । उनका मुक्तकमा जीवन र जगतका विविध पक्षहरू समेटिएका छन् । कतैतिर देशको दुर्दशा र कतैतिर देशको सौन्दर्य पनि झल्किएको छ । प्रेमको गहिरो अनुभूति र आध्यात्मिक दार्शनिक चेत पनि झल्किएको छ । नेपाली साहित्यमा प्रचलित मुक्तक खासगरी अरबी-फारसी साहित्यबाट आएको कविताको सानो रूप हो । वास्तवमा मुक्तक यस्तो विधा हो कि जसले साहित्य जगत्मा तहल्का नै मच्चाउछ । तर यसले आफ्नो धर्म निर्वाह गर्नुपर्दछ अनि यसले साहित्य जगत्मा झिल्का पार्दछ । मुक्तकले मानिसको हृदयलाई छिटै आकर्षण गर्दछ ।

कवितालाई निचोरेपछि मात्र मुक्तकको जन्म हुन्छ । आफूले भन्न खोजेको कुरालाई चार हरफमै लेख्नु पर्ने हुंदा साहित्यका अन्य विधाभन्दा यो विधा चुनौतिपूर्ण त हुन्छ नै । त्यसो त एउटा सानो मुक्तकभित्र सिङ्गो ब्रहमाण्ड नै अटाउन सक्छ । जीवन र जगत्संग सम्बन्ध गाँसिएका मुक्तक रचनाहरू सङ्ग्रहित यस कृतिले मुक्तक लेखनका क्षेत्रमा थप योगदान गरेको त छ नै । कविताको सबैभन्दा लघुतम रूपलाई मुक्तक काव्यको रूपमा चिन्ने गरिन्छ । हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै मुक्तक काव्यमा पनि व्यक्ति, समाज, वातावरण र मानव समाजसँग सम्बन्धित अनेक पक्षलाई नै समेटेर सिर्जना गरिएका हुन्छन् । मान्छेका जीवनका अनेकौं उहापुहाका सन्दर्भहरूलाई मुक्तकले समेटिएका छन् । मानवीय प्रकृति, संस्कृति, रूढिवादी परम्परा आदि मुक्तकका विषय बनेका छन् । उनी साहित्यप्रति सकारात्मक देखिन्छिन् । साहित्य लेख्न र पढ्न मुक्तक मार्फत् अभिप्रेरित गर्दछन् । उनका मुक्तक सुन्दर छन् र विविधताले भरिएका छन् । यस मुक्तक सङ्ग्रहभित्र सुखको पीडा पनि छ, दु:खको पीडा पनि छ, हाँसो र रोदन दुबै छ दुखाइ र भोगाइको अनुभूति पनि छ । आगामी दिनमा उनका अन्य कृतिहरू हामीले पढ्न पाउने ठूलो आशामा बाधिएको छु ।

कृति: अक्षरको खेती — विधा: मुक्तकसङग्रह
मुक्तककार: निर्मल रमण पराजुली — प्रकाशक: लीलाध्वज थापा साहित्य प्रतिष्ठान ।




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# कुन अपराधी सत्तामा पुगेनन् ?

२०४६ सालमा बहुदल आयो, त्यसपछिका दिन शुभरात्रि बन्न सकेनन् । त्यसपछिका १२ वर्षे बहुदल काललाई कालरात्रि बनाइयो । कलरात्रि बनाउने बहुदलीय नेता नै हुन् । तिनीहरू नै सत्ता सम्हाले, मनलागी गरे । यहाँसम्म कि सांसद किनबेच गर्ने, सांसद पद गर्लफ्रेण्डलाई उपहारमा दिने, छोरीलाई दाइजोमा दिने, मारवाडीलाई सात करोडमा बेच्नेसम्मका राजनीति गर्ने यिनै पार्टीहरू हुन् । अदालतमा ज्यानमारा मुद्दा परेको छ, मुद्दा किनारा नलाग्दै यिनीहरूले मुद्दालाई छायाँमा पारेर आफू सत्तामा पुगे । मन्त्री, प्रधानमन्त्री, सांसद, सभामुख समेत बने । रातो पासपोर्ट बेच्ने, पजेरोकाण्ड गर्ने, सांसदलाई किनबेच गर्न चीनसँग ५० करोड माग्ने, सांसदलाई थाइलेण्डकोरेडलाइट इलाकामा पुऱ्याउने पनि यिनै थिए । यिनैले २०६३ सालमा आन्दोलन गरेर जनयुद्धकारीसमेत मिलेर लोकतान्त्रिक गणतन्त्र ल्याए । जो नीतिहीन थिए, नैतिकहीन थिए, तिनैले नयाँ पद्धति ल्याएका हुन् ।

नयाँ पद्धतिमा नयाँ हुने कुरै थिएन । किनकि नेताहरू पुरानै थिए, तिनको पुरानै शैली थियो । आचरण भ्रष्ट थियो, सोच अपराधिक थियो । त्यसकारण त कम्युनिजमको नाममा, समाजवादको नाममा जसरी पनि पैसा कमाउनुपर्छ, परिवारवाद चलाउनु पर्छ भन्ने तिनीहरूको मानसिकता भयो । यसैको प्रतिफल हो, सत्तामा पुगेर अकुत सम्पत्ति भ्रष्टाचारबाट जोडेकाका सन्ततीहरू बेरोजगरा भए पनि सम्भ्रान्त जीवन बिताउन थाले । फरियावाद र नेपोबेबीइजम फस्टाउँदै गयो । केही युवा कुनै कामै नगरी यसरी सम्भ्रान्त बन्ने, अधिकांश युवा रोजगारीको खोजीमा बिदेश पलायन हुनुपर्ने । बिभेद, निषेध यसरी बढ्यो कि राजनीतिले समाजलाई नराम्ररी बिथोल्यो, असन्तुष्ट पाऱ्यो ।

एकातिर युवामाथि चोट, अर्कोतिर समाज बिथोल्ने, सत्तामा पुग्नेहरू भाग शान्ति जयनेपाल गरेर भ्रष्टाचार गर्दै जाने । अपराधमाथि अपराध गर्नेहरूलाई कुनै कारवाही नै नहुने । अनियमितता गर्ने, हत्यामा मुछिएका व्यक्ति मन्त्री भए । आतंक र ज्यान सजाय भोग्नुपर्ने बात लागेकाहरू नीतिनिर्माण तहमा पुगे । यस्ता व्यक्तिहरूले शान्ति र संविधानको महाभारत पर्वतजस्तो कर्तव्य पूरा गर्छन् भनेर जनताले विश्वास गरिरहे । बिगत १८ वर्षको लोकतान्त्रिक गणतन्त्रको समयले यिनको ल्याकत, ताकत र गलत सोचलाई प्रष्ट पारिसकेको थियो । निरन्तर सत्ताको राइँदाइँ गरेर बस्ने, यिनीहरू असक्षम हुन् भन्ने प्रमाणित भइसकेको थियो । जनता निराश, हतास र आक्रोसित बन्दै गएका थिए । जनताको निराशपन औडाह बाक्लिदै गएको थियो । देशका विभिन्न भागमा, बिभिन्न समूहले बिद्रोह गर्दै गएका थिए । तथापि पेलेरै र राज्य आतंक फैलाएर आफ्नो ब्रम्हलूटको साम्राज्य कायम गर्न सकिन्छ भन्ने विश्वास थियो, यी भ्रष्टाचारमा आहाल बसेका नेता, पार्टीहरूलाई ।

तर जेनजी पुस्ताले आन्दोलनको बिस्फोट गरिदिए । बिस्फोटबाट लाभा निस्कियो । लाभा अर्थात् आगो हो, जसले संसद, संविधान, सरकार, नेतागण, नागरिक समाज सबैलाई ढलाइदियो । जेनजीपुस्ताले गरे सक्ने रहेछन् ।

गत भदौ २३ र २४ गते नेपालको इतिहासमा एक युगमा आउने एक दिन थियो । त्यही दिनले युवा पुस्तालाई उठायो । राजनीतिले हाऱ्यो, कानुनव्यवस्थाले हाऱ्यो । गलत सोच हुनेहरू सबै हारे । जिते जेनजी पुस्ताले जितेकै हो । त्यो जितले नयाँ नेपालको जग बसाल्न सक्नुपर्ने छ अब ।

# बहुदल र लोकतन्त्रको कुमारीचोक बुझाऊ




राणा शासकले कालभैरवका सामुन्ने उभ्याएर सपथ खुवाउने र शासन व्यवस्था चलाउने गर्थे । भैरव रिसाए भने उल्का हुने हुनाले आमनागरिक, कर्मचारी सबै डराउँथे ।

कतिपय घटनाक्रममा न्याय दिनका लागि तामा तुलसी समाएर किरिया खुवाउने चलन पनि थियो । यसो गर्दा कसैले पनि झूठ बोल्ने साहस नै गर्ने थिएनन् । त्यो सामाजिक मान्यता अहिले राजनीतिक र सामाजिक अपराधिकरणमा रूपान्तरण भइसकेको छ ।

अहिले पाखण्ड बढेको छ । पाखण्डीको कामै पाखण्ड देखाउनु हो । नेतृत्वको गुण भए न नेतृत्व देखाउनु ? राजनीतिलाई व्यवसाय बनाउनेले देखाउने नै पाखण्ड हो । बहुदलपछिका ३७ वर्षमा र लोकतन्त्रको १८ वर्षमा जे देखियो, पाखण्डबाहेक केही देखिएन ।

परिवर्तन हामीले गरेका हौं भन्नेहरू कति गलत रहेछन्, गत भदौ २३ र २४ गतेका दिन जेनजी पुस्ताले प्रमाणित गरिदिएका छन् । नेतृत्वमा राजनीतिक सिद्धान्त, नैतिक बल र स्पष्ट लक्ष्य भएको भए नेपाल अग्रगमनको धेरै अगाडि पुग्ने थियो । यिनको यात्रा विदेशी दलाली, स्वदेशी लूटमा सिमित भयो । फरियावादमा रमाउँदा यिनमा स्वाभिमान र स्वाधीनता मरिसकेको रहेछ ।

कहाँ छन् शेरबहादुर देउवा, केपी ओली र प्रचण्डहरू ? तिनका पछि पछि स्वार्थका लागि दगुर्नेहरू ? यी जहाँ छन्, त्यहाँ भ्रष्टाचार, अनियमितता, निषेध र विभेदमात्र थियो । अनुशासनहीनता र नैतिकहीनतामात्र थियो । यसकारण त यिनको राजनीतिले नोज डाइभ गऱ्यो, जेनजी पुस्ताले यिनको औकात देखाइदिए, यिनको अपराधको घ्याम्पो फोडिदिए । जेनजी पुस्तालाई मार्ने यिनै हुन्, देश आँसुमा डुबेको छ ।

जनआन्दोलन, जनयुद्धका सफल नेता र तिनका सहयोगीहरूले जनताको रगत-पसिनाको सर्बतमात्र पिए । बाल्मिकी बन्न सकेनन्, सुकुलगुण्डा चरित्रमात्र देखाए । यी वाल्मिकी बन्न नसकेका रत्नाकर थिए, भदौ २३ गते रत्नाकर डाकु नै साबित भए ।

यी उज्यालो थिएनन्, अँध्यारोमात्र प्रमाणित भए । रक्तपात गरे ।

वाल्मिकी बन्नसक्ने विवेक थियो र रत्नाकरले ऋषिमन, ऋषि सुझाव बुझेर सत्मार्गतिर लागे । स्वर्ग र नर्क पृथ्वीमै छ, मान्छेले यही जीवनमा स्वर्ग र नर्कको भोग गर्छ भन्ने मान्यता बुझे । यस्तो मान्यता न सर्वहारावादी, न समाजवादीले बुझे ? यसकारण त यिनीहरूमा राष्ट्रघाती सावित भए । यिनको लूटको साम्राज्य डल्यो ।

हरेक चुनावमा, हरेक परिवर्तनमा आमजनताले साथ दिए, सहमति जनाए । तर, यी नेताहरू कलियुगका रत्नाकर परे । आफूलाई स्वार्थको शिखरपुरूष माने, लोकतान्त्रिक साँचोमा ढाल्न सकेनन् । पापकर्म, भ्रष्टाचार र कुशासनलाई यिनले धर्म ठाने । जीत ठाने । जसरी पनि सत्ता, शक्ति र सम्पत्ति कमाउनुपर्छ भन्ने मान्यता राखे । लोकतन्त्रको जगमा अलोकतान्त्रिक र अपवित्र धारणा बोकेका कारण जनादेश र जनआकांक्षा यिनलाई अपाच्य बन्यो । फलस्वरूप एकजना नेता पनि बाल्मिकी बन्न सकेनन् । राष्ट्र बाल्मिकीबिहीन रत्नाकरहरूको जंगल बनिसकेको थियो,




जेनजी पुस्ता अगाडि सऱ्यो र यिनको रजगज अपवित्र सावित गरिदियो, खरानी बनाइदियो । यिनको जंगली शासन समाप्त पारिदियो । स्वार्थको पोखरीमा डुब्दा डुब्दा यिनको चेतना तन्तु मरिसक्यो, अव यिनले अनुशासनमा चलाउनुपर्ने लोकतन्त्र चलाउन सक्ने देखिदैन । नयाँ पुस्ता अगाडि आउनैपर्छ । विकल्प छैन ।

खेतबारीमा ठड्याएको बुख्याँचा र लोकतन्त्रमा उभिएका यी नेताहरूमा भिन्नता रहेन । जब नेतामा मानवीय मर्म र मर्यादा रहँदैन, विवेकशीलता हुँदैन । विवेकहीन नेता र तिनको राजनीति भनेको मृत्यु हो । जीवन होइन । जीवन खोज्ने क्रम सुरू भएको छ, यसका लागि विश्वासको संकट मोचन हुनुपर्छ ।

जता हेरे पनि राजनीतिकरण । अपराधिकरण । सेटिङ । स्वार्थ । नेपोटिजम, नेपोबेबीइजम । राजनीतिक गुण्डातन्त्र । राजनीतिले नीति, सिद्धान्त, नैतिकता इमान बेच्यो । राजनीति टाट बन्यो । देशको परिस्थिति जे छ, त्यो तिक्त अनुभूति पूर्वराजाले बोले । राजतन्त्रविहीन प्रजातन्त्र सान्दर्भिक हुन नसक्ने निष्कर्ष सुनाइदिए । सहमति, संवाद र सहकार्यको विकल्प छैन भने । स्थिति ठ्याक्कै त्यही विन्दुमा छ । राष्ट्र बचाउने, बनाउने हो भने पूर्वराजाको सुझाव सान्दर्भिक छ ।

पूर्वराजाले २०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयन भएपछि आजसम्म कुनै पनि प्रकारको बाधा दिएका छैनन् । त्यस्तो अभिभावक देशको आवश्यकता हो । अब जनता र देशलाई चासो दिने र जिम्मेवारी लिने नेता चाहिन्छ । युवा पुस्ताले देश सम्हाल्नुपर्छ ।

जनताले बहुदलपछिको ३७ वर्षको हिसाव मागेका छन् । प्रत्येक नेताले त्यो कुमारीचोक बुझाउनै पर्छ ।

## प्रत्येक नेतालाई कालभैरवका सामु उभ्याऔं

रेकर्डमा स्थापित कालभैरवको मूर्तिबारे केही कुरा- काठमाडौंको हनुमानढोका दरबारको प्रांगणको उत्तरपश्चिमी भागमा काल भैरवको ठूलो प्रस्तर मूर्ति छ । कालो प्रस्तरबाट बनेको यो मूर्ति अति ठूलो र डरलाग्दो छ । यो मूर्ति १२ फिट अग्लो छ । यो मूर्ति प्राचीन कालतिर बनाइएको मानिन्छ तर यस स्थानमा यसको स्थापना भने कान्तिपुरे राजा प्रताप मल्लले गराएका हुन् । कतिपय श्रद्धालुहरू काल भैरवलाई काली मानेर पनि पूजाआजा गर्ने गर्दछन् ।

शवमाथि उभिएको तथा नरमुण्डमाला लगाएको काल भैरवको मूर्तिलाई बेग्लै मन्दिर नबनाएर त्यत्तिकै खुला आकाशमुनि एउटा पर्खालमा टँसाएर राखिएको छ । मध्यकालतिर काल भैरव मूर्ति अगाडि *अपराधीलाई दण्ड-सजाय दिने चलन थियो । यसको अगाडि उभ्याएर अपराधीलाई अपराध स्वीकार गर्न लगाइन्थ्यो । साथै कतिपय अपराधीहरू त यहाँ आइपुग्नासाथ डरले आफैं मर्दथे भनिन्छ ।* यस्तो डरलाग्दो मूर्ति आफु भने हाँसिरहेको छ । कालभैरवको मूर्ति हेर्नु भयो भने तपाईले पनि भैरवको मुख हाँसेको र हाँस्दा दाँत पनि देख्नु हुनेछ ।

किन हाँसे त काल भैरव ?

कालभैरवको मूर्ति हास्नुको कारणका बारेमा रमाइलो किंवदन्ती छ । पहिले पहिले कुनै कसुरमा दसी प्रमाण नभेटिएमा कालभैरवको पाउ छुवाएर किरिया खुवाउने चलन थियो । यसरी किरिया खाँदा यदि झुट्टा बोल्यो भने तत्काल त्यहीं रगत छादेर मर्ने गर्थ्यो । यौटा हाकिम बडो घुस्याहा थियो तर उसले गरेको बदमासीको प्रमाण कसैले नपाउने गरी गर्दथ्यो । उसका विरूद्ध उजुर पऱ्यो । उजुरी गर्ने अति नै विश्वासिला मानिस थिए तर हाकिमका विरूद्धमा भने कसै गर्दा पनि प्रमाण भेटिएन । प्रमाण नभेटिएकाले उसलाई कालभैरवको पाउ छुवाएर किरिया खवाइने फैसला भयो । किरिया खुवाउँने दिन भनेर भोलीपल्टलाई नै तोकियो ।

फैसला पछि घर आएको ऊ नुन खाएको कुखुराजस्तै झोक्राएर बसिरह्यो । उसकी आमाले यो देखेर उसलाई सोधिन् । उसले पनि सबै सत्य कुरो आमालाई बताइदियो । आमाचाहिंले "ए, यत्ति कुरामा किन पीर लिनु" भनेर उसलाई योबाट बच्ने सजिलो तरिका भएको कुरा बताइन् । त्यसका लागि उसलाई नाङ्गै भएर आफ्नो काखमा बसेर दूध चुस्न लगाइन् र भोलिपल्ट भन्नु पर्ने सबै कुरा सिकाइन् ।

भोलिपल्ट सबै भैरवस्थानमा जम्मा भए र ऊ पनि गयो । जब उसलाई किरिया खान भनियो अनि उसले कालभैरवको पाउ समातेर "मैले अजान छँदा, नाङ्गै आमाको काखमा बसेर दूध खानुअघि त के के गरें भन्न सक्दिन तर त्यसपछि मैले आजको दिनसम्म घुस खाने वा कुनै नगर्नु हुने काम गरेको छैन । भए यहीं रगत छादेर मेरो मृत्यु होस् ।" उसले यति चलाखीपुर्ण किरिया खाएको सुनेपछि त्रिकालदर्शी कालभैरवको मूर्ति पनि हाँस्यो । र, आजसम्म हाँसेकै छ रे ।

निथार:


०४६ सालपछिका शासक प्रशासकलाई कालभैरवको अगाडि उभ्याएर भ्रष्टाचार र अनियमितता, घूस र फरियावादका बारेमा किरिया खुवाउने कि ? उनीहरूले परलोक र सन्ततीका लागि साँचो बोले भने इतिहास कायम हुनेछ ।






Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# मन्त्रीको धुइँधुइती खोजी जारी छ



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

टेलिफोनको घण्टी बजिरहेको छ । स्वयम् प्रधानमन्त्री अस्पतालका डाक्टरदेखि हास्य-फिल्मी कलाकारसम्म मन्त्री बन्ने कि ? भनेर सोधिरहेकी छिन् ।

हलो मन्त्री बन्ने कोही छ ? मन्त्रीको धुइँधुइँती खोजी भइरहेको छ । मन्त्री खानेभए कम्मर कसौं है ?

गाउँको चौतारामा एक हुल उमेर छिप्पेका मानिसहरू गफ लडाउँदै थिए । गफ लडाउनेमध्ये एकले भन्यो, 'अबचाहिँ केही हुन्छ !' अर्कोले भन्यो, 'केही हुन्न ।' अर्कोले थप्यो, 'हेर्दै जाओ न के-के हुन्छ अब हुनुसम्म हुन्छ ।' यस्तै के हुन्छ के हुँदैन भन्नेहरूकै बोलवाला थियो । छेउमा भांग्रे काका उनीहरूका कुरा सुनेर बसिरहेका थिए । उनीहरूको कुराले दिक्क भएर होला काकाले भने, 'तोरीलाहुरेहरू ! के हुन्छ, के हुँदैन भनेर गफ चुटेर बसिरहेका छन् । कामसाम छैन, यो हुन्छ र त्यो हुन्छ भन्छन् । त्यसै तिमीहरूलाई झोले भन्या हो र ?' हुन पनि गाउँघर, रोजगार भएका वा नभएका सबैको काम राजनीतिक गफ चुट्ने, सुन्ने सुनाउने मात्र हो, यस्तै छ हालचाल ।

उखानै छ 'काम गर्ने कालु, मकै खाने भालु भनेजस्तै देखेनौं नाइकेहरूको दरबारमा तरबार ! सबका सब खरानी । अप्ठेरो पर्दा त कोही पनि पुगेनौं त ? सबैको भागाभाग । अहिलेचाहिँ यो र त्यो, कति जानेको हो तिमीहरूले ? 'एउटाले भन्यो, 'अब त्यस्तो आगोको भुंग्रामा को जान्छ त ? त्यस्तो नाइके जोगाउन थाल्यो भने आफैं गइन्छ काका । त्यही भएर जता हावा लाग्छ उतै हो । बेकारमा टाउको दुखाउनुपर्यो र ?'

'तिमीहरू त 'दही चिउरे' रै'छौ । आफ्नो नाइकेलाई अप्ठेरो परेपछि सहयोग गर्नु पर्दैन ? गास छाड, साथ नछाड भन्ने कहिल्यै सुनेनौ ?,' भांग्रे काकाले भने । अर्कोले जवाफ फर्कायो, 'त्यस्तो दिन गए काका, हामीलाई पनि त छाड्नु भएन नि । हामीलाई त प्रयोगमात्र गर्ने त हो । त्यही भएर आको भ्याप पार्दिने हो ।' सान्त्वना दिने शैलीमा भांग्रे काकाले भने, 'विचरा ! त्यो देउवालाई यो उमेरमा आएर टाउको फुटाए । त्यो सान त्यो मान, हैट ! सम्झिँदा पनि जीउ सिरिङ !'

'हो, त्यस्तो हुन्छ काका, यो त सुरूआतमात्र हो,' समूहको अर्को भन्यो । ल तपाईं भन्नुस् त, '३० वर्षसम्म सत्ताको पेरिफेरि बसेर के चाहिँ गरे ? उनीहरूको सन्तान, नाता, आसेपासेबाहेक अरूले के पाए ? हामी भनेको त बेला मौकामा भ्याइदिने हो ?' 'त्यो त तिमीहरूले भन्दा मैले नै भोगेको हुँला नि ?,' भांग्रे काकाले थपे, '१७ सालदेखि मैले हेरिराको छु । सब आ-आफ्नो दुनो सोझ्याउने हुन् । हेर्दै जाओ न अब पनि हुनेवाला केही छैन । विचरा मर्ने त मरेर गए गए । तिनीहरूकै नाममा उही कुर्सी खोसाखोस हो । मलाई यो चाहियो र त्यो चाहियो भन्ने हुन !'

चर्चा अनेक छन् । 'होइन हो काका ल भन्नुस् यो भाकोचाहिँ के हो ? यस्तो पनि हुन्छ एकैपटक सबै सखाप ?''हुन्छ । सेटिङ भएपछि एकैपटक हुन्छ । यो सब 'आफू ताक्छ मुडो बञ्चरो ताक्छ घुँडो' भनेजस्तै हो । जे गर्न खोजेको त्यसको ठ्याक्कै उल्टो भयो कि भएन । मौका पाएपछि कसैले छाड्दो रैछ त ? कसका घर बाँकी रहे ? कसैले जोगाउन सक्यो । रिसको झोकमा के जे पनि हुन सक्छ भनेको यही हो ?' 'अझै के-के हुन बाँकी नै छ,' भांग्रे काकाले उनीहरूलाई भन्दै गए । उनीहरू सुन्दै गए ।

एउटाले जिज्ञासा राख्यो- होइन हो काका त्यसो भए चुनाउ हुन्छ कि हुँदैन हो ? चुनाव भैदिए त हाम्रा लागि राम्रै हुन्थ्यो क्यार, दुई-चार दिनको गर्जो हुन्थ्यो नि !,' अर्कोले जिज्ञासा राख्यो ।'कसरी हुन्छ ? कसले गर्छ ? अब मन्त्री बनाउनलाई छ चोक-चोकमा बसेर, सडकमा कराउँदा त अहिलेसम्म भने जस्तो, गतिलो मान्छे पाको छैन । यस्तो नि हुन्छ परिवर्तन । त्यत्रा मान्छे मरेको, त्यत्रा सम्पत्ति खरानी भएको यसकै लागि हो र ? मेरो त मनले मानेको छैन है बाबु हो । त्यही उमेर खुस्केका र बुद्धि भड्केकाहरूलाई मन्त्री बनाउन हो र ? 'टाउको कन्याउँदै केही बुझेजस्तै गरी अर्को भन्यो, 'हो काका, म पनि तीनछक्क परेको छु भन्या ! हामीले पनि त रिस उठेको नाइकेको घरमा आगो झोसेकै हो । यत्रा घर खरानी त्यसै भाको हो र ? सबै रिसै रिसको झोकमा त हो नि । जे भयो भयो, हुनैपर्ने थियो ।'


'हो त नि, मैले भनेको पनि त्यही हो । रिस खा आफू बुद्धि खा अर्को ! ज्यान फाल्ने एउटा पद पाउने अर्को ? यसो मोबाइलमा हेर्यो । सबका सब मन्त्री । सडकमा मन्त्री, चौतारामा मन्त्री । अस्पतालमा मन्त्री ! होटलमा मन्त्री ! जहाँ पनि जो पनि मन्त्री ? विचरा, केटाहरूले त्यसकै लागि ज्यान फालेका हुन् ? ज्यान फाल्नेका परिवारलाई कस्तो भाको होला ? अस्पतालाँ बसेर गोली अझै पनि निकाल्न बाँकी भाकाको मनमा के आइरहेको होला ? सडक बसेर मन्त्रीको माग फाराम भर्न हो र ? फेरि माग फाराम भरेरै मन्त्री होइने के ग्यारेण्टी छ र ? कसको तालुमा आलु फलेको छ, कसको सोर्स पुग्छ, उही बन्ला ?'

'तपाईं मन्त्री बन्दिनुपर्यो । उहाँलाई मन्त्री बनाइदिनुपर्यो । यो त उहाँसँग नजिकको मान्छे, उहाँ उचित मान्छे । उहाँ फलानो एम्बेसीको मान्छे, उहाँ फलानो डोनरको संस्थाको मान्छे । यो एनजीओ, ऊ आइएनजीओ, अर्को विदेशी सोर्स भएको मान्छे, अनेक खुसुरफुसुर चलेको छ । खास मन्त्री बन्नका लागि चाहिनेचाहिँ के हो त ? फुटबल खेल्न त नियम चाहिन्छ । देशमा मन्त्री बन्न केही नचाहिने ? योगदान हुनै नपर्ने ? धन्न छ मेरो देश !,' भांग्रे काका आफैं चिन्तामा परे, 'म पनि त यो देशको मन्त्री बन्न लायक हो नि ? म चाहिँ किन नहुने उनीहरूचाहिँ किन हुने ?'

'हो काका । तपाईंले भन्नुभएको कुरा ठीक हो । अन्तरिम मन्त्रिपरिषद् अन्तरिम नै मन्त्री खसोखास भन्ने हो भने यो सहिदहरूमाथिको अन्याय नै हो । बालाई फालेर आमा ल्याउने आन्दोलन थियो र ? दाइलाई फालेर भाइलाई सत्ता सुम्पनका लागि जेन-जी आन्दोलन हो र ?,' अर्कोले मनभरिको गुनासो गर्यो ।

'हो, मैले भनेको नै त्यही हो । घरले जाऽजा, वनले आऽआऽ भन्ने उमेरका अल्जाइमर भाका मान्छेलाई देश सुम्पेर कसरी अवस्था परिवर्तन हुन्छ ? जे भइरहेको छ गलत भइरहेको छ । सबै चलेका होइनन् । चलाइएका हुन् । यो वा त्यो नाममा त्यसैले मन्त्री बन्ने धोको छ भने चोकमा गएर बसे हुन्छ, सामाजिक सञ्जालमा प्रचार गरे हुन्छ । सके नाम चलेकालाई भनेर प्रचार गर्न नै लगाए हुन्छ । आखिर देश बनाउने हो र मन्त्री बनाउने आन्दोलनमा पो परिणत भएछ, हाम्रा नाति पुस्ताको आन्दोलन जय होस् । मर्ने र मार्ने दुवैको । नवरात्र गयो, दीपवली आयो तर जेनजी पुस्ताको त्याग र तपस्या, बलिदानको उज्यालो आएन ।

यसरी देश परिवर्तन हुँदैन । सबैको तर्कबितर्क, गुनासो सुनिरहेका एक बृद्धले भने- देश सुध्रिदैन । जसरी बहुदल कालरात्रि बन्यो, लोकतान्त्रिक गणतन्त्र भ्रष्टाचारको आहाल बनेकै हो । कालेकाले मिलेर खाउँ भाले गरेर उही ०४६ साले नेताहरूले निरन्तर पालैपालो सत्ता चलाए, भ्रष्टाचार गरे । नेपोटिजम र नेपोबेबीइजम यिनको सिद्धान्त बन्यो । राजनीतिक सिद्धान्त, नीति, नैतिकता, जिम्मेवारी र जवाफदेहीता केही पनि बाँकी रहेछ । जब जेनजी पुस्ता आन्दोलन गर्दैथिए, तिनलाई गोली यिनैले ठोके । आज जिम्मेवारी लिने कोही छैन । लोकतन्त्रको अलिकति पनि इज्जत गर्न नसक्नेहरूर यो परिवर्तनले केही हुनेवाला छैन ।




# यो संविधान जिउँदैछ भ्रष्टाचारीमाथि कारवाही हुनैसक्दैन

प्रमोद आचार्य लेख्छन्- यो संविधान रहुन्जेलसम्म कुनै भ्रष्टाचारीलाई कारबाही हुँदैन । यो लुटतन्त्र कसको लागि हो ?? लुटतन्त्र केका लागि हो ?? चोर नेताहरूको लागि नेताले देश कंगाल बनायो किन कसरी ?? भ्रष्टाचार व्यथितिको विरोध गर्दा यो व्यवस्था परिवर्तनको आवाज उठाउँदा भ्रष्टाचार अन्त्यको लागि प्रस्ताव राख्दा जनता किन मारिए ?? भ्रष्ट विदेशी दलाल गणतन्त्र कसको लागि रहेछ ?? हामी रानोबिनाको मौरी जस्तो भएर हामी भौतारीरहेका छौं । नेपाली जनता एकअर्कामा जातीय नारा लगाएर धार्मिक संस्कृतिक परम्परा गुमाएर किन हामी विदेशीको गुलाम हुँदैछ सामाजिक एकता सनातन हिन्दु राज्य बिना धार्मिक सहिष्णुता बिना धार्मिक एकता कसरी ? हुन्छ आफ्नो देशको राजा हटाएर के उपलब्धि भो राजसंस्था हटाएर नेपाली जनता कति बेरोजगारी भए कति पीडित भए एउटा देशमा राजा हुँदा कति नोक्सान भएको थियो होला र ? राजाले बनाएको देश होइन यो ? हामी एकअर्कालाई विरोध नगरौं। देश बचाउनलाई राजा र जनता मिल्नुपर्छ । वैदेशिक हस्तक्षेप अन्त्य गरौं आफ्नो देशको स्वाधीनता सार्वभौमसत्ता जोगाउनलाई राजा चाहिन्छ । हामी नेपाली जनताले गरी खाने वातावरण चाहियो नेपालमा हामी बाँच्न पाउनु पर्यो आफ्नो देशमा बाँच्न पाउनु पर्यो हामीले सधैँ हामी भौतारिएर हुँदैन आफ्नो देशमा गरी खाने वातावरण चाहियो। हामी किन पीडित भइरहेको छौं ? किन हामी मरिरहेका छौं नेपाली जनताहरू ?? यो व्यवस्था नेताहरूको लागि हो। पार्टीको झोलेहरूलाई हो। लुटेर खानलाई जनतालाई लुटेर खाने जनतालाई सधैं भोको पार्ने यिनीहरू सधैँ अघाउने यिनीहरूको भुँडी भर्ने हो यो व्यवस्था । त्यही भएर यिनीहरूलाई यो व्यवस्था प्यारो छ । यिनीहरू जसरी पनि यो भ्रष्ट गणतन्त्र, यही संविधान जोगाउन चाहिरहेको छन् । अब जनताले बुझ्नुपर्छ । यो व्यवस्था देश र जनताको लागि होइन, दलालहरूले लुटेर खानलाई ल्याएको व्यवस्था हो । यो भ्रष्टाचार अन्त्य गर्नको लागि पनि यो व्यवस्था फ्याल्नै पर्छ । यो गणतन्त्र खारेज गर्नैपर्छ । यो लुटतन्त्र हो ।





हामीहरू नेपाली जनता आफ्नो देशमा गरी खान नपाउने आफ्नो देशमा सधैँ पीडित भएर बस्नुपर्ने हामी विदेश गएर मरिनुपर्ने मारिनुपर्ने यो व्यवस्था कसको लागि हो ? कसको लागि हो यो व्यवस्था हामीलाई जातीय नाममा हामीलाई भाषाको नाममा हामीलाई धर्मको नाममा हामीलाई छुवाछुत विभेदको नाममा हामीलाई किन लडाइयो हामीलाई अधिकारको कुरा गरेर हामीहरूलाई किन सुकुम्बासी बनाइयो हामीहरू आफ्नो भूमि छोडेर विदेश जान किन बाध्य हुनुपर्यो ? हामीलाई अधिकारको कुरा गरेर यिनीहरूले किन अधिकार दिएनन् हामी जनतालाई किन सुखी बनाउन सकेनन् ? अनेकता बीच एकता हाम्रो देशको राजा हो । भन्ने कुरा हामीलाई किन मान्न दिएनन् ? आफ्नो देशको राजा एउटा हुँदाखेरि विदेशीको गुलामी हुनु पर्दैनथ्यो । तर राजा हटाएर विदेशीको गुलाम हुँदाखेरि चाहिँ कसलाई फाइदा भयो कि हामीलाई फाइदा भो ? विदेशी दलाल पार्टीलाई फाइदा भो कि हामीलाई फाइदा भो ??देश कसले लुटेर खायो जनताले लुटे कि पार्टीका नेता र कार्यकर्ताले लुटेर खाँदैछन् । यिनीहरूले लुटेको पैसा विदेशमा लगेर राख्ने, जनता सधैं भोको नाङ्गो हुनुपर्ने ? राजालाई दोष लगाउँथे । यिनीहरू राजा भएर ३५ वर्षदेखि शासन गरिरहेका छन् ? गणतन्त्र आएको १९ वर्ष भयो । अब पनि नबुझे कहिले बुझ्ने हो हामीहरूले ? सबै पार्टीहरू नयाँ पार्टी पुरानो पार्टी भविष्यमा बन्ने पार्टीहरू पार्टी चलाउने नै विदेशीले हो । विदेशीका एनजीओ, आइएनजीले हो ।

# भाइ फुटे गवाँर लुटे, हामीले बुझेनौं



गणेशबहादुर ढुङ्गाना




चित्र साभार: महाकाली सन्धि प्रतिरोध आन्दोलन/ २०५३ को पुस्तिका
महाकाली सन्धि: राष्ट्रघाती सन्धिबाट

'भाइ फुटे गवाँर लुटे' भन्ने अभिव्यक्तिमा धेरै ठूलो कटुसत्य लुकेको छ । नेपालजस्तो एउटा सानो स्वतन्त्र मुलुकलाई जतिसुकै सुपर पावर मुलुक भए पनि बाहिरीयाको त्यति डर हुँदैन जति आन्तरिक भाइहरूको फुटबाट खतरा हुन्छ । भनिन्छ घरका भेदी लंका ढाए । लंकाको बहादुरी र बैभवको खरानी पनि भाइ फुटेरै भएको थियो ।

नेपालमा पनि आज बैरीहरूले व्यापक रूपमा भाइ फुटाएर विदेशी गवाँरहरूले देश लुटिरहेका छन् । यही हो हामी नेपालीहरूको एक नम्बर साझा चिन्ताको विषय । हाम्रो मुलुकमा डलरवालाहरूले र भारूवालाहरूले फैल्याएको जातिवाद र क्षेत्रवादले हाम्रा राष्ट्रिय मूल्य र मान्यताका सबै जोडन चुँडाएर लुटेको आदिवासी नेपालीको जन्मशिद्ध हक लाग्ने प्राकृतिक जलसम्पदा, धर्म, नागरिकता समेतका विविध विषयमा सबैको ध्यान हटाएर जातिवादी, क्षेत्रवादी (भूभाग), भाषिक र धार्मिक युद्धमा भिडाएर आफ्नो दुराशय पूरा गर्न दत्तचित्त भइलागेका छन् । यो सबै नेपालीहरूले गहिरो अनुभूति गरिरहेको विषय हुँदा सबैभन्दा पहिले हामीले भाइ मिलाउने र घर बचाउने काम गर्नुपर्दछ । जतिसुकै ढाकछोप गरे पनि नेपालीका बैरीले जातिवादको नशामा नेपालीहरूलाई फसाइसकेका छन् । तसर्थ अव जातिवादी नशा उतार्न राष्ट्रवादी औषधिको प्रयोग गर्ने समय आएको छ । त्यसको लागि नेपालका सबै जातजातिको प्रतिनिधित्व हुनेगरी साझा फूलवारीको रूपमा नेपाललाई 'सर्वजातीय राष्ट्रमण्डल'का रूपमा परिणत गर्नुपर्दछ । यसमा जनजाति नेता स्व.भीमबहादुर तामाङको अमरवाणी 'जातीय पहिचान पनि भेटिने, द्वन्द्व पनि मेटिने' लाई साझा मिलनविन्दूबनाएर अगाडि बढ्नुको विकल्प छैन । साँप पनि मर्ने, लठ्ठी पनि नभाँचिने अर्थात सबै नेपालीको कल्याण पनि हुने, देश पनि अखण्डर मजबुत रहने यो सर्वोत्तम उपायको अवलम्बन गरिनै पर्दछ । पहिले सबै नेपाली जातजाति मिलेर देश बचाउँ अनि मिलीजुली बसौं, बाँडीचुँडी खाउँ । यसै गरौं अव । यसो गर्दाखेरी नेपालका जनजाति नेता , कांग्रेस, एमाओवादी, एमालेका ब्राम्हण नेता र नव-गणतन्त्रवादी पूर्वपञ्च पार्टीहरूका क्षेत्री नेताहरूलाई आफ्ना मतियारमा मिलाएर नेपालका सर्वाधिक जनसंख्या भएका अनादिवासी ब्राम्हण, क्षेत्री, गैह्र छुत आर्य समाजलाई एकमुष्ठ रूपमा निषेध गरी राज्य व्यवस्थाबाट बाहिर पारेर राज्यबिहीन गराउने र निजहरूको ग्याप नव-नागरिकताकृत भारतीय मधेसेबाट भर्ने अनि मतदान, जनमत संग्रह वा आत्मनिर्णयको अधिकार जतातिरबाट भए पनि नेपाललाई फिजीकरण वा सिक्किमीकरणतर्फ लगेर डुवाइदिने भरतीय ग्याण्ड डिजाइन आफूले खनेको खाडलमा आफै डुबेर मर्नेछ । साथै उसका नेपालमा आधिपत्य जमाएर चीनलाई छेक्ने, नेपालमा शासन चलाउने, लुट्ने, थिच्ने, ऐश गर्ने सपना पनि चकनाचूर हुनेछन् । विशेष गरिकन ब्राम्हण, क्षेत्री मास्न उद्दत भारत सरकार र नेपाली ब्राम्हण, क्षेत्री नेताहरूले एकदिन अवश्य यस कुकृत्यको जवाफदेही हुनैपर्दछ र नतिजा भेग्नैपर्दछ । स ँतेको बाघको जुँगा उखेलेर जगाउनु भारत सरकार र नेपाली ब्राम्हण क्षेत्री नेताहरूको अक्षम्य भूल हुनेछ भविष्यमा । आम नेपाली जनता जनजाति, जाति जोसुकै हुन्, सबै प्रशान्त महासागर झैं शान्त बनेर सुतिरहेका छन् यतिखेर । बाहिर किनारामा आएर हिंश्रक गतिविधि गर्ने, क्षतविक्षतगर्ने गोही, जातिगतका नेताहरू मात्र हुन् । यी नेताहरूले विदेशी शक्तिराष्ट्रका प्रलोभनमा फस्ने र विदेशीको काँधमा चढेर स्वदेशीको अपहेलना, तेजोवध, जीउधन, सर्वस्वहरण गर्ने गराउने समेतका अराष्ट्रिय कामकाजहरू गर्नु जनक्रान्तिका ज्वारभाटा आएर बढारेर लैजानु अगाडिका हर्कतमात्र हुनेछन् ।

नेपाल र नेपालीलाई सकेसम्म संसारबाटै निमिट्यान्न पार्नु र नेपाललाई उसका विशेष फोहरी स्वार्थ फाल्ने फोहरको भाँडो बनाउने उसको अथक परिश्रम निरन्तर कायमै छ । सो प्रयोजनको लागि उसले भूटानका भूटानी नेपालीलाई लखौंको पैमानामा बिस्थापित गराएर नेपालमा राज्यविहीन बनाएर थुपारेको विश्वलाई नै पचाएर देखाइदियो । त्यसरी नै बेला बेलामा आसाम, मेघालय आदि ठाउँबाट बिस्थापित भएर आउँछन् र नेपालमै राज्यबिहीन बनेर बस्दछन् । त्यसरी नै भारतका आफ्नै असंख्य जनतालाई नेपालमा पठाएर बलजफ्ती नागरिकता दिलाउने र नागरिकता नपाएकालाई विहार, बंगाल, उत्तरप्रदेश, राजस्थान आदि भारतीय राज्यहरूबाट नाम कटाएर नेपालमै राज्यविहीन गराएर थुपार्ने अनि फेरि राज्यहीन भारतीयलाई पनि नेपालमै राज्यकृत गर्नुपर्ने, यो कत्रो आपत लगाइदिएको यति सानो, गरीव, निरीह मुलुक नेपाललाई । के यस्तो जोडजुलुम थाम्न सक्ला नेपालले ? भारतको विशेष स्वार्थमा भारतको सुरक्षा अवधारणा नेपालमा लाद्न नेपालले आफ्नो सुरक्षा अवधारणालाई तिलाञ्जली दिएर, भारतको उपनिवेशी करतुतलाई शिरोधार्य गर्नुपर्ने, नेपालको विशाल राष्ट्र चीनसँगको सिमानामा नेपालीले शिखण्डी भएर उभिदिनुपर्ने, भारतलाई सुरक्षा खर्चको बचत गरिदिनुपर्ने, तिब्बती शरणार्थीलाई राज्यबिहीन घोषित गरेर नेपाली नागरिकता दिनुपर्ने, भारत धर्मशालादेखि आएका तिब्बतीहरूलाई नेपालमा फ्रि आवतजावत गर्न, चीन विरोधी गतिविधि गर्न, आत्मदाह लगायतका सबै प्रकारका चीनविरोधी गतिविधिमा पनि नेपालले नै सहयोग पुऱ्याउनु पर्ने । धान खाने भारत, चोट पाउने नेपाल । कसरी बरदास्त गर्न सक्छ नेपालले ?

त्यस्तै भारतको अर्को स्वार्थ भनेका भारतीयलाई अत्यधिक नागरिकता दिलाएर चीनको लागि मानव ढाल, नेपालको लागि मानवकाल खडा गर्नु हो भनेर बारम्बार दोहोऱ्याएको छ किनभने यो विशेष उल्लेख्य विषय भएको हुनाले । नेपालमा भारतको विशेष स्वार्थमा अर्को पर्दछ- जातिवादमा आधारित ससाना बाइसे, चौबिसे, भुरे, टाकुरे भूपरिवेष्ठित प्रान्तहरू जसको अस्तित्वको भौगोलिक, आर्थिक तथा राजनीतिक सम्भाव्यता नै छैन । भोलि एक मधेस एक प्रदेशले नाकावन्दी गर्दा सबै पहाडी प्रान्तहरू भोकभोकै मर्नुपर्दछ । आज भारतले चलाखी गरेर बाहुन, क्षेत्री, दमाई, कामी, सार्की आदिलाई पाखा पारेर दलित, पीडित, महिला, मधेसे, आदिवासी जनजाति भनेर क्षेत्री, बाहुनबाट जनजातिलाई अलग्याएर भारतीय मधेसेसँग जोडेको उद्देश्य जनजातिसमेतको सहयोगबाट एक मधेस एक प्रदेश, समावेशी अधिकार, जातीय स्वतन्त्र प्रान्त, आत्मनिर्णयको अधिकार, जनमत संग्रहको माध्यमबाट निर्णय, नागरिकता र नागरिकताबिनाको मतदानको हकसमेत प्राप्त गरिसकेपछि भारतको जनजाति उचाल्ने काम सकिन्छ र हाल काश्मिरका मुसलमानलाई झैं दबाउने, लुट्ने, मार्ने, घरेलु नोकचाकर, चौकिदार, सिपाहीमा काम लगाउने, काश्मीरमा झैं आत्मनिर्णयको अधिकारको अपहरण गर्ने, आदिवासी जनजातिको आफ्नो जल, जंगल, जमिनको हक मेटाएर पानी, विजुली भारतमा पुऱ्याउने समेतका सबै हर्कतहरू कार्यान्वयन हुन्छन् भनेर आजैदेखि हामी सबै आदिवासी सजग, सचेत भएर आफ्नो देश नेपाल, आफ्नो जात नेपाली, आफ्नो सम्पत्ति जल, जमिन, जंगलसमेत बाहिह्याको हातमा नजाओस् भनेर सुरक्षाका लागि एकजुट हुनुपर्दछ ।

# Nepal's Generational Awakening: Beyond Conflict Toward Synthesis

## Beyond Institutions and Politics: The Human Dimension of How Four Generations Can Energize, Innovate, Lead, and Guide Nepal's Renewal

Dr. Alok K. Bohara

A quiet generational shift is unfolding in Nepal. In this post-unrest period, many Gen Zs are asserting their voices — sometimes unpolished, but unmistakably clear in what they want: stability and accountable governance. The older generation of mainstream parties, even those highly respected and genuinely concerned for the country, seem busy defending their own cohort — a reflex that feels self-serving. They need to understand that it's not their age that's being questioned, but their stale ideas and the comfort of holding power in perpetuity while denying opportunities to those below who are both capable and eager to lead. This cuts across all parties. The well-meaning senior leaders should realize that it's not about them — it's about a stagnant system that breeds corruption, complacency, and, over time, even despotic tendencies when power is held too long.

Meanwhile, youths in their twenties (Gen Z) watch those in their thirties (Gen Y) struggle to build skills, create wealth, or find decent jobs — many leaving for Australia, Europe, or America in search of opportunity. Millions toil abroad in blue-collar jobs across more than a hundred countries — both legally and undocumented — while social life back home continues to erode.

The next-up generation — those in their forties and fifties, the leadership generation that never was — were denied real chances to lead, drifting between critique and complicity. Their helplessness stems from party constitutions deliberately designed to centralize decision-making power in a few hands at the top — and from the Election Commission's inability, or unwillingness, to enforce the constitutional mandate for internal democracy. Then there are the judiciary and the anti-corruption bodies, for example, who seem to appear to work to serve the parties than the pubic.

This, I believe, is why Gen Z erupted — the thirties generation fleeing abroad to create wealth elsewhere, the forties and fifties caught in limbo, and the older establishment clinging to dominance over the socio-economic-political space for decades.

What I have observed is that while the older political elites are busy regrouping and casting aspersions on Gen Z's voices and sacrifices, the thirty-something professionals are reaching out to the younger generation — offering guidance, mentorship, and support. This Gen Y cohort understands both the frustration of the young and the fatigue of the middle.

This essay explores that bridge — and how Nepal's renewal may depend on a new political discourse built on harnessing intergenerational talents, rather than perpetuating outdated doctrines, dogmas, and fiery rhetoric. It also argues for the rise of an independent and sizable bloc of civic-minded citizens — informed, aware, and organized — who can serve as a counterweight to partisan excesses and hold leaders accountable through the power of their collective voice and votes.

Why Nepal's Renewal Must Be Generational, Not Ideological

In earlier essays, I described how Nepal's political system has become bloated with elites — a case of elite overproduction — who preserve their power through what I called the extraction–control nexus: the siphoning of resources through taxes, bribes, and remittances (the wealth-pump economy), and the capture of institutions to guarantee control and immunity. I also outlined a set of institutional reforms aimed at breaking this entrenched cycle of corruption and centralized capture.

Viewed differently, this essay explores the solution landscape — not through the entrenched party polity or tired ideological rhetoric, but through the lens of intergenerational collaboration. This shift in perspective was inspired by a conversation with a group of young professionals, mostly in their thirties. Their reflections — thoughtful, frustrated, yet hopeful — became the motivation for this piece. (The discussion video is linked below for those interested.)

I argue that lasting reform — whether led by Gen Z activists or advanced by many others, including this scribe — can only be realized through intergenerational cooperation, not through the divisive narrative of "old versus new" or rigid ideological camps.

Reforming institutions is not merely a technical exercise; it is a moral and generational task. Democracy is not self-sustaining — it must be renewed, protected, and practiced across generations.

Nepal's central problem lies within its political parties and how they operate — often outside the democratic norms they claim to defend — through capture, corruption, and control. Unlike in functioning democracies, where the state regulates parties, Nepal's reality is inverted: the parties control the state.

Despite the violence and destruction of September 9 — for which the perpetrators must be held accountable — the Gen Z unrest on the previous day, September 8, was at its core about reclaiming the constitutional spirit that sovereignty lies with the people, not political cartels.

This essay therefore calls for an intergenerational cooperative model to achieve that goal. Any return to the old habits of denial, collusion, or partisan protectionism will only deepen the crisis — and risk far worse consequences for Nepal's democratic future.

The Gap Between Preaching and Practicing

An ancient saying of wisdom goes: Don't explain your philosophy — embody it. Democracy and its ideals are no different. They require work — deliberate, conscious effort — especially in building independent institutions that serve the public, not the rulers.

Benjamin Franklin, reflecting on the birth of the American Republic, captured this truth when he was asked what kind of government the founders had created: "A Republic, if you can keep it."

Nepal, too, fought hard to create its republic. But keeping it — nurturing and safeguarding it — has proven far more difficult.

In the wake of the post-Gen Z unrest of September 2025, two competing narratives have emerged. The first — favored by the political establishment — portrays the young and "immature" Gen Z generation as having recklessly opened the door to uncertainty and lawlessness. But this narrative conveniently forgets who created the conditions for revolt: the bloated political elite who, through decades of manipulation, captured institutions and normalized corruption.

Often dismissed as "out of touch," this older generation's addiction to power and refusal to make room for leadership renewal have stifled the very democratic spirit they claim to defend. Their unwillingness to yield space has triggered the implosion of civic energy from below.

Yet framing this moment as a clash between generations is both misleading and counterproductive. Nepal's transformation will not come from one generation alone. It will require a collaborative synthesis — a convergence of strengths rather than a continuation of conflict:

· Gen Z's raw courage and aspirational demands,

· The bridge generation's professionalism, creativity, innovative and collaborative skills,

· The leadership generation's experience, organizational capacity, and vision, and

· The wisdom generation's struggles, lessons, restraint, and guidance.


Only when these forces align can Nepal begin to reclaim its democratic promise — and truly keep its republic.

The Captured Era: The Wisdom Generation (60+)










This generation witnessed the long arc of Nepal's political evolution — beginning in 1950 with the democratic awakening led by B. P. Koirala and others. The period I call the disintegration phase spanned the autocratic Panchayat years, democratic uprisings, royal coups, and insurgencies, culminating in the promulgation of the 2015 Constitution.

They fought for rights and freedoms — sacrifices younger Nepalis should not forget. Many were the Gen Zs of their time, driven by the same zeal and idealism. Yet over the decades, many became absorbed into the extraction–control nexus, benefiting from patronage networks that rewarded loyalty over merit — even those who once fought in the name of the suppressed and marginalized. Still, this generation holds deep wells of wisdom and memory. Their role today should not be to dominate but to guide — to serve as the moral compass of a republic that has lost its bearings. Their legacy will be measured not by their grip on power but by their grace in letting go, allowing renewal to take root.

Although we cannot expect another Mandela, they should reflect on the fate of nations that faltered after their own "color revolutions." Not all ended well — Nepal must not join those ranks. Within their ranks remain many capable leaders — sidelined, silenced, or weary of perpetual power maneuvers. The time has come for this generation to heed the call of renewal and clear the way for those who will build.

Anatomy – The Guiding Generation (60s +)

• Stewards of hard-won experience.

• Their legacy depends not on control, but on passing the torch with humility and purpose.

• They can still guide — by mentoring, not managing.

The Leadership Generation (40–60): The Transitional Core

Those now in their forties, fifties, and early sixties occupy a pivotal position. They are not merely another age bracket — they are the transitional core of Nepal's democratic future. This group has the experience, education, and credibility to lead, but they must do so with open-mindedness and humility, recognizing that leadership today is not about control but about continuity.

I remain optimistic that this generation of leadership still exists — waiting to step in, under the right institutional arrangement, to fill the gap left by the older cohort, hopefully to be created sooner rather than later.

Their task is twofold: to govern with integrity and to groom the generation below. They must understand the pulse of Gen Z's aspirational demands and not see their activism as yet another oppositional mayhem. Instead, with an open mind, they must create a system of dynamic leadership flow — where mentorship, renewal, and succession are institutionalized rather than resisted. This generation should take the lead in bringing along the two generations below. This also means reforming party constitutions to align with the constitutional mandate of internal democracy and transparent governance.

In recent years, the early successes of Balen Shah, Harka Sampang, and others have rekindled public faith in independent leadership — proving that, despite moments of brashness or temperamental lapses, integrity, competence, and independence can still inspire civic confidence.

At the same time, we now see what I call the Balen–Harka–Kulman–Hamal phenomenon — a scattered but parallel reformist energy emerging from multiple sincere and capable individuals, each leading their own initiatives and networks. We are also familiar with the hopes and aspirations people placed in the Rastriya Swatantra Party (RSP) — the party of technocrats and professionals — and the internal issues and directional drift it now faces. Then comes the young and well-meaning industrialist with his own party, and the Gen Zs gearing up to form theirs as well. These are positive signs — proof that fresh civic energies are emerging, offering leadership alternatives and healthy opposition to the mainstream parties. Yet, instead of converging around a shared reformist vision, these parallel efforts risk fragmenting public hope and reproducing the same pattern of personality-driven politics that has long stifled institutional change.

Anatomy – The Stalled Generation (40s–50s)

• Capable but constrained by a politicized system.

• Caught between experience and exhaustion, they often find themselves navigating bureaucratic and patronage webs.

• With courage and reformist resolve, they could become the unlocking generation — freeing Nepal's democratic and economic potential.

A Cautionary Note —Unity, Not Proliferation: The Strategic Lesson

Sri Lanka's example offers a useful lesson. When its political crisis reached a breaking point, the reformist and opposition forces there banded together under a unified platform, rebranding themselves into a more conventional social-democrat–style alliance. Through this pragmatic repositioning, they formed a broad coalition that ultimately defeated the entrenched regime and broke the Rajapaksa family's long grip on power.

That experience demonstrates that unity — not proliferation — is what transforms outrage into outcome.

What Nepal needs, therefore, is not another party or series of alternate parties, but a unifying civic platform — a coordinated framework that can harness these reformist impulses toward a common democratic goal. Only then can the collective credibility, integrity, and professional expertise of this leadership generation become transformative rather than symbolic.

If this generation can merge its reformist instincts with the idealism of the younger generation and the wisdom of the elders, it can restore coherence and purpose to Nepal's democratic journey.

The Bridge Generation (30–40): Translators and Collaborators

Those in their thirties and early forties occupy a unique space — a hybrid zone between youthful idealism and mature professionalism. They have grown up with global exposure, digital literacy, and an intuitive sense of how functioning democracies operate. Many in this group now collaborate directly with Gen Z activists, translating protest energy into structured reform agendas.

This generation is the bridge — capable of connecting vision to practice, passion to policy. Their networked, collaborative approach is the antidote to the hierarchical, patronage-driven politics that has long paralyzed Nepal's institutions. If supported, this cohort can help design the platforms, data systems, and civic networks that turn spontaneous street energy into lasting reform infrastructure.

Anatomy – The Awake Generation (30s)

• Skilled, creative, and globally mobile.

• Awake to both the promise and the pitfalls of the system.

• Straddling rebellion and reform, they seek to bridge the youthful energy below and the leadership above.

The Awakening Era: Gen Z (20–30)

Then comes the generation that shook the complacent order — Gen Z. Their uprising was not ideological but existential. They grew up watching other societies thrive while their own stagnated under elite capture. They saw opportunities drain away through migration, jobs vanish into patronage networks, and public trust evaporate. They were never part of the extraction–control nexus, yet they have lived with its consequences all their lives.

When the system failed to respond to their aspirations for stability, good governance, and opportunity, they took to the streets. Their courage and moral conviction reignited Nepal's democratic conscience. They are not waiting for permission to participate — they are demanding it.

This is the generation of digital transparency, impatience with hypocrisy, and zero tolerance for corruption. They will not easily fit into the old party molds — nor should they. Their challenge now is to transform spontaneous energy into sustained civic architecture — something the Bridge and Leadership generations can help facilitate.

Anatomy – The Enough-is-Enough Generation (20s)

• Catalyst of change.

• Restless, bold, and unafraid to confront a stagnant order.

• They refuse to inherit broken promises and demand a new social contract.

Four Generations Coming Together to Energize, Innovate, Lead, and Guide, With these four generations, Nepal's democratic revival depends not on generational conflict but on generational flow — a circulation of ideas, values, and leadership across time. The aim is not to label cohorts but to create movement — a continual renewal of civic energy and institutional strength.

· Gen Z's raw courage and aspirational demands,

· The bridge generation's professionalism, creativity, innovative and collaborative skills,

· The leadership generation's experience, organizational capacity, and vision, and The wisdom generation's struggles, lessons, restraint, and guidance.

If these energies move in harmony rather than hierarchy, Nepal can finally evolve from its extraction–control stagnation into a renewal–collaboration system — a self-correcting democracy where power flows, not fossilizes.

Nepal Needs More Independent Citizens and Fewer Political Cadres

Importantly and practically, what Nepal needs is a sizable segment of the aware public — citizens across these generations who are not politically entrenched, but who can provide an independent and sustained voice as a civic counterweight.

Over the decades, Nepal's elite intelligentsia, civil servants, and professionals have gradually become part of the same system they once sought to reform. Instead of serving as critical thinkers and independent watchdogs, many have been absorbed into the political patronage structure — recycled from one administration to another as advisers, commissioners, consultants, or ambassadors. This revolving pool of loyalists has blurred the line between intellectual independence and political servitude.

What Nepal now needs is a new civic class of independent citizens — informed, principled, and unafraid to speak truth to power. Their vigilance as civil watchdogs will be essential to prevent the re-capture of institutions and to ensure that the reforms born from this generational awakening are not lost to the same old patterns of control.

Above all, reformists must not allow themselves to be swayed by the deflective rumor mills that perpetuate distractions — whispers of an imminent coup by the army, claims of a foreign takeover, threats of street uprisings, or character assassinations of opposition leaders branded as foreign agents. These rumors only become real if reformers themselves give them life — turning distraction into self-fulfilling prophecies. The focus must remain steady: freeing the country's politics from the grip of the old order through meaningful reforms, civic mobilization, and institutional renewal.

****

*This essay builds on the ideas first introduced in my earlier piece, "Breaking the Elite Extraction–Control Nexus." In my earlier essays, I examined Nepal's institutional breakdown and politics of capture; this one turns to the human dimension — how generational cooperation can rebuild what institutions alone cannot.*

*About Author: Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution as a system viewed through the lens of complexity and emergence science—critical of capture, wary of populism, and steadfast in his belief that accountability and citizen trust form the foundation of a resilient and prosperous republic. Bohara1955@gmail.com*

देशको राजनीतिक घटनाक्रम...

बाध्यता नै भए पनि मानव प्रयोगका लागि हानिकारक मात्रामा विक्षँदीको अवशेक्षँ भएको तरकारी बेचबिखन गर्न रोक्नु पर्छ । तर, किसानहरू हानिकारक विषादीको प्रयोग गर्न प्रेरित पनि सरकारी कार्यक्रमबाटै भएका हुन् । बिस्तारै विषादी प्रयोग तरकारी बाली लगाउने किसानका लागि खेतीको नियमित र अनिवार्य कार्य बन्न पुग्यो । बढी नाफा कमाउने लोभले मात्र किसानले बालीलाई विकृत बनाउने गरेका भने होइनन् ।

विषादी प्रयोग नगरी तरकारी खेती गर्ने किसानलाई राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रमले खुसीको समाचार दिएको छ । कार्यक्रममा गरिएको अनुसन्धान र प्रयोगबाट विक्षँदीको प्रयोग नगरीकनै राम्रो बाली लाग्ने आलुको विकास भएको छ । नौ वर्क्षँ लामो अनुसन्धानबाट कार्यक्रमले विकास गरेको "पीआरपी २५८६१.१ आलुबाट रासायनिक मल र विक्षँदीको प्रयोग नगरीकनै राम्रो पसल लिन सकिने दाबी कार्यक्रममा अधिकारीहरूले गरेका छन् । हाल बाह्य अनुसन्धानका क्रममा रहेको यो नयाँ जातको आलुको बीउ यसै वर्क्षँ किसानहरूकहाँ पुग्ने जानकारी पनि दिइएको छ । यो प्रयोग सफल भएमा कम्तीमा असल नियत भएका किसानले विक्षँदी प्रयोग नगरी आलु फलाउन सक्नेछन् । यसैले यस अनुसन्धानमा संलग्न र नौ वर्क्षँ लगाएर पनि विक्षँदी नहाली फलाउन सकिने आलु विकास गर्ने धैर्य राख्ने बधाई र धन्यवाद दिनुपर्छ ।

नेपालको भौगोलिक विविधता सम्भवत: विश्वमै अनुपम छ । समुद्रको सतहदेखि संसारको सर्वोच्च शिखरसम्मको घरातल भएको नेपालमा संसारका लगभग सबै प्रकारका हावापानी, वनस्पति र प्राणीको अस्तित्व पाइन सक्छ । स्थल यातायात, सिञ्चाइ, विद्युतीकरणजस्ता विकासका पूर्वाधार निर्माण यही विविधताका कारण चुनौतीपूर्ण भएको छ । अर्कातिर, यही भौगोलिक विविधताको सदुपयोग गर्नसके पर्यटन, जडिबुटी खेती, अर्गानिक कृक्षिँ र जलविद्युत् उत्पादनको अपार सम्भावना पनि छ । यत्ती हो, नेपालका लागि सुहाउने प्रविधिको विकासमा भने ध्यान दिइएको छैन । यसैले सडकबाट पहिरो, बालीमा विष र पर्यटनबाट सांस्कृतिक स्खलनजस्ता विकृति पनि भित्रिने गरेका छन् । कृक्षिँमा अनुसन्धान गरेर विक्षँदी नचाहिने आलुको विकास गर्न सकिन्छ भने अरू बाली र विषको पनि अनुसन्धान हुनसके दिगो र लाभदायी उपाय भेट्न सकिनेछ । सरकारले अनुसन्धानलाई प्राथमिकतामा राखेर महत्व दिएमा नेपालका चुनौतीलाई सम्भावनामा बदल्न बेर लाग्नेछैन । कृषि र अरू विषका वैज्ञानिक प्रतिभा पलायन रोक्ने र काम गर्ने वातावरणँ बनाउने जिम्मेवारी सरकार र केही मात्रामा समाजको पनि हो । अनुसन्धानलाई अनुत्पादक ठान्ने कुनै पनि मुलुकले उन्नति गर्न सकेको देखिदैन ।

# कार्पेट उद्योग कसरी डुबाइयो ?


डा. शास्त्रदत्त पन्त

संरचना भत्काउने प्रवृत्ति

बि.सं.२०४६ सालको आन्दोलनपछि पञ्चायती संरचना भत्काउने क्रममा गाउँ पञ्चायतलाई 'गाउँ विकास समिति' बनाइयो । नाम फेर्दैमा देशले रातारात प्रगति गरेको ठहर्दैन । देशको कायापलट हुँदैन । बरू एउटा निर्माण भइसकेको संरचना भत्काएर अर्को निर्माण गर्दा प्रगति अवरूद्ध हुन्छ, गति रोकिन्छ, हामी विश्वदौडमा पछि पर्दछौं । त्यसले नराम्रो गरेको छ भन्ने कुराको पुष्टि नभैकन फेरिरहन हुँदैन । यो कुरा भारतीय शासक नेहरू र महात्मा गान्धीसमेतलाई थाहा थियो । त्यसैले त अंग्रेजका विरूद्ध, विदेशी औपनिवेसिक शासनका विरूद्ध उग्ररूपमा उत्रिएका ती नेताले अंग्रेजले बनाएका वस्तुपरक कुनै पनि संरचना भत्काएनन् । तिनैलाई जगमानेर निरन्तर प्रगति गरिरहेका छन् । यतिसम्मकी सम्बन्धि कार्यालय, प्रशासक, संगठन, पद्धति पनि बदलेनन् । तर भारतमा प्रशिक्षण पाएका र आफना विचार नभएका नेपालका राजनीतिकर्मीले सम्पूर्ण संरचना भत्काएर नयाँ संरचना बनाउनुपर्दछ भन्दछन् । त्यो सोच भारतीय दीगो ग्रान्ड डिजाइन अनुसार छ, उनीहरूको हितमा छ । यो नेपाली जनताको चाहना बिपरित हो। बि.सं.२०४६ सालको परिवर्तनपछि स्थानीय एकाइको पुनर्संरचना गर्ने क्रममा धेरै गोष्ठी, सम्मेलन भए, धेरै कार्यपत्र प्रस्तुत भए । मैले भागलिएका त्यस्ता सबैजसो गोष्ठीमा सधै भरी दुईटा कुरामा मेरा भिन्न मत रहीरहे । एउटा कुरा मैले 'स्वायत्त' शासन या सरकार शब्द राख्न हुँदैन । यसले राज्य कमजोर हुन्छ र फुटतिर उन्मुख हुन्छ भन्ने थियो । यसले गर्दा नै नेपाल टुक्रिने अवस्थामा पुगेकोछ । अर्को मैले स्थानीय एकाइलाई व्यापकरूपमा अधिकार विकेन्द्रीकरण गर्नुपर्दछ भन्ने थियो । अधिकार सरकारले खोस्न नसक्ने गरी विकेन्द्रीकरणलाई संवैधानिक बनाउनु पर्दछ भन्ने थियो । त्यो भएन । यी दुइ कुराले दुइ दशकमा बिकराल रूप लियो हो । यसले भारतले चाहे अनुसार गर्न सजिलो भएको हो ।

शेरबहादुर देउवा प्रम भएका बखत 'विकेन्द्रीकरण आयोग' गठन गरियो त्यसले पञ्चायतकालमा विकेन्द्रीकरण भएका अधिकारलाई पनि केन्द्रिकरण गऱ्यो । त्यही आशयका लागि आयोग गठन भएको बुझिन्छ । म विकेन्द्रिकरण र स्थानीय विकासमा सोध गरेर त्यसैले विद्यावारिधि गरेको पहिलो व्यक्ति हुँ । मलाई त्यस आयोगमा राखिएन, सल्लाह सुझाब पनि मागिएन । सुनियोजित थियो भन्ने कुरा तथा विदेशीको स्वार्थ गाँसिएको छ भन्ने कुरा पनि प्रष्टिन्छ ।

यहाँ म अझ एउटा कुरा स्मरण गराउन चाहन्छु कि नेपालको विकेन्द्रीकरण र पिडिएलटी कार्यक्रमले गरेको प्रगतिसँग भारतीय नेता राजीव गान्धी पनि लोभिएका थिए । उनले भारतका पञ्चायतलाई तदनुरूप गराउन राज्य सरकारमा रहेको त्यो अधिकार संविधान संशोधन गरेर केन्द्रमा सारेका थिए । दुर्भाग्य उनले त्यो कार्यान्वयन नगर्दै उनको देहाबसान भयो ।

मेरो तर्क अधिकारको व्यापक विकेन्द्रीकरण गरिनु पर्दछ भन्ने कुरासँग नेपालमा राजनैतिक सन्तुलन कायम गर्न र विकास सन्तुलन बनाइराख्न तथा देशलाई देशभरिबाट एकैसाथ विकास गर्न सहज हुन्छ भन्ने थियो । त्यसो हुनसकेको भए अधिकार जिल्ला जिल्लामा पुग्दथ्यो, इलाका इलाकामा पुग्दथ्यो, गाउँ गाउँ र वडा वडामा पुग्दथ्यो । त्यहाँ स्वत: जेजे जाति वा भाषा वा संस्कार संस्कृतिका मानिस हुन्थे स्वत: उनीहरू निर्वाचित हुन्थे र आफै शासन गर्दथे, आफै विकास गर्दथे, आफै योजना बनाउँदथे । शिक्षा, स्वास्थ्य, बिजुली, सञ्चार, वन वातावरण, सिंचाई, पर्यटनलगायत यावत् कुरा उनीहरूले चलाउँथे । त्यसो गरिएको भए यतिखेर देखिएका कुनै पनि द्वन्द्व जन्मिने थिएनन् । जातीय, भाषिक, लैङ्गिक तथा धार्मिक स्वायत्तताका माग हुने थिएनन् ।

नेपालको गौरवत्व

राजा महेन्द्रको पूर्वपञ्चिम राजमार्ग बनाउने योजना त्यस नीतिको विपरित खडा हुनु हो । यस मानेमा नेपालको कूटीनीति भारतको भन्दा धेरै उच्चस्तरको थियो भन्ने देखिन्छ । राजनीतिमा राष्ट्रियताको कति महत्व हुन्छ भन्ने कुरा विश्वले नेपालबाट सिकेको छ । त्यसो त नेपालको कूटनीति र वीरत्व बेलायत, त्यसका औपनिवेसिक राष्ट्रहरू र संयुक्त राष्ट्रसंघले अझै अनुशरण गरिरहेका छन् ।

बेलायतले भारतलाई उपनिवेस मुक्त गरेर आफू फर्कियो तर 'फुटाउ र शासन गर' अस्त्रचाहिँ त्यही छाडेर गयो । त्यो अस्त्र नेपालमा निरन्तर प्रयोग भइनै रहेको छ । फलत: नेपाली दलका नेताले नै राजमार्गको विरोध गरे, तिरो बराबरी चन्दा उठाएकोमा विरोध गरे । जनश्रम परिचालन गर्ने कुराको विरोध गरे । नातीका पालामा पनि बन्न नसक्ने, धेरै र खर्चिलो पुल बनाउनु पर्ने र तिनलाई नेपालले कहिल्यै बनाउन नसक्ने भनेर थालिएका कोठे विरोध सार्वजनिकरूपमा समेत बाहिरिए ।

अनेक व्यवधान, विरोध र षड्यन्त्रका बाबजुद नेपाल पछि हटेन । विश्व बैंकबाट ऋण लिएर बाँकी खण्ड पूरा गर्ने निधो गऱ्यो । त्यो ऋण लिन पनि नेपालमा दक्षता छैन, एन.सी.सी.एन.ले अगुवाई गर्न सकिदैन भनेर विश्वबैङ्कबाट स्वीकृत ऋण पनि रिलिज नगर्ने बातावरण बनेपछि नेपालको बनाइछाड्ने अठोट स्वरूप बैङ्कले भनेबमोजिमका अति महंगा कन्सलटैन्ट नियुक्त गऱ्यो । ग्लोबल टेन्डरमा ठेक्का चीनलाई परेपछि भारत झन आत्तियो । नेपालको सही भूमिकाले गर्दा अन्तत: त्यो खण्ड भारतले स्वयं अनुदान सहयोगका रूपमा गरिदिन झुकेर आउनु पऱ्यो ।

पूरा भइसकेपछि पूर्व पश्चिम राजमार्गलाई दुई देशबीचको सीमाना मानिनुपर्दछ, हामी भारतसित मिसिन पर्दछ भन्ने कोठे षड्यन्त्र पनि भयो । एकजना कर्मचारी यादव आमाको त्यो विचारको विरोधमा आमालाई त्यागेर अलग्ग बसेका थिए । यो असम्भव षड्यन्त्र गर्भैमा तुहियो, त्यसै वोइलायो, त्यसै बिलायो । पूर्वी तराइको दबेको त्यो अवशेस घर कलह र बिद्रोहका कारण पुनर्जीवित भयो । सशस्त्र विद्रोहमा परिणत भयो । राजनीतिक रूपमा तराईमा एउटा साम्प्रदायिक दल जन्मिएकै थियो । यी षड्यन्त्रका उत्पादन थिए, छन् ।

उद्योग ब्यापार :

गलैचा उद्योग : गलैचा उद्योग जापनी औद्योगिक प्रबिधिबाट संचानित नेपालको आफ्नै मौलिक पद्धति थियो । अष्ट्रेलियन र तिब्बती उनको मिश्रणबाट निर्मित उनको धागो र पाकिस्तानी कपासको उच्चकोटीको धागोबाट बनाइएका नेपालका गलैंचाले तुरून्तै विश्व बजार ओगटेको थियो, विश्वभर बजारमा नाम कमाएको थियो । नेपालको इमान्दारिता र स्तरियताका कारण छिमेकीको बजार घट्दै गएको थियो । फलत: खुलासीममाना र नेपाली/भारतीय कर्मचारीको भ्रष्ट मिलोमतोमा नक्कली भारतीय गलैचा नेपाल भित्र्याएर नेपाली गलैचाभनी विश्वभर बेचेपछि नेपाली गलैचाले बदनामी पायो । यसको व्यापार खस्कियो । नेपाली ब्यापारी त्यो बदनामीबाट उम्कन सफल भए ।

त्यसपछि राजनैतिक रणनीतिको दाउपेच सुरूभयो । बालश्रम प्रयोग भएको भनी युरोपेली बजारमा नेपालको गलैचाको ब्यपार खस्काइयो । केही कुरै नबुझी, भारतीय हाहाका भरमा बालश्रमको नारा घन्काएर भारतीय ब्यापारीको हितमा नेपाली गलैचा खस्काउने काम स्वयं प्रमं कोइरालेनै गरेका थिए । छाला, जुत्ता, कागज, चिनी, सिमेन्ट उद्योग सरह यो उद्योग पनि भत्काउने श्रेय उनैलाई जान्छ । उनका कारण हजारौं बालक सडकमा जान बाध्य पारियो । आजकलका सडकका खाते बच्चाका जन्मदाता उनी नै हुन् ।

# किन मानिस कम्युनिष्ट विचारबाट पतन हुन्छन्


सुरेशकुमार पाण्डे

अहिले धेरैजसो कम्युनिष्ट बिचारलाई छाड्ने र नयाँ राजनैतिक पार्टी बनाउनेहरू देखिन्छन् । कयौंले त अब कम्युनिष्ट बिचार नेपालमा लागु हुनसक्दैन पनि भन्छन् ।किन देशमा यस्तो विकृतिको जन्म भयो ? यो हाम्रो देशमा मात्र होइन विश्वमै कम्युनिष्ट आन्दोलनमाथि प्रश्न उठेको छ । आखिर कम्युनिष्ट बिचारधारा रक्षात्मक अवस्थामा किन पुग्यो ? अन्य देशहरूको छुट्टै छलफलको बिषय हो, त्यसको लागि विश्वकम्युनिष्ट आन्दोलनका ज्ञाताहरू वा विज्ञहरू द्वारा आउने नै छ ।हाम्रो देशको बारेमा कम्युनिष्ट बिचारधाराले के माइने राख्द छ ? यसबारे हामीले उठान नगरिकन आन्दोलनको व्याख्या गर्न गारो छ ।

हाम्रो देशको भगौलिक अवस्था अन्य देशहरूको भन्दा बिशिष्ट प्रकारको छ । दुबै देश चीन र भारत विश्वकै धनी देश मध्यका हुन् । उनिहरू मध्य एउटा नौलो जनवादी क्रान्ति सम्पन्न गरेर शिखरमा पुगेको देश हो भने भारतले लामू समयसम्म अंग्रेजहरूको गुलामी झेलेर मुक्त भएको देश हो ।चीनमा नयाँ जनवादी क्रान्ती सन् १९४९मा सम्पन्न भएको थियो ।उस्तै भारतमा त्यो भन्दा दुई वर्ष पहिले ब्रिटिष्टहरूबाट मुक्त भएको देश हो । यो करिब ७६/७८ मा यी दुबै देशहरूले तरक्की गरेका छन् ।

भारतको भन्दा बढी चीनले तरक्की गरेको देखिन्छ । व्यवहारमा दुबै साम्राज्यवादी भनिए ता पनि नेपाललाई हेर्ने दृष्टीकोणमा भारतको भन्दा केही सकारत्मक चीनको देखिन्छ । यद्यपि नेपालीहरूको रूझान भारततिर बढी छ । किन की नेपाल र भारतको रहन सहन भेषभूषा चाढ पर्वहरू मिल्दाजुल्दा छन् ।नेपालीहरू हिन्दु बर्णका परायजसो भारतबाट नै आएका मानिन्छन् । भने मगर लगायतका केही जनजातीहरू मंगोल मूलुकबाट नेपालमा प्रवेश गरेको देखिन्छ । त्यसले गर्दा पनि भावनात्मक संवन्ध हुनु स्वभाविक हो ।

हाम्रो देशमा भारत र चीन दुबै देशको राजनीतिमा प्रभाव हुनु पनि स्वभाविकनै हो । त्यसो भयो भन्दैमा गलत नै भयो भन्नु पनि ठिक नहोला । देशभित्र थुप्रै धर्म संस्कृति, भाषा,फेसन आदि इत्यादि आयातित पनि छन् त्यो बढी भारत तिरबाट आएको छ ।हाम्रो देशको खुला सिमानाले आउने जाने स्वतन्त्रताले पनि त्यसमा मलजल पुराएको हुनसक्छ । उपरोक्त बिषयबस्तु एउटा पक्ष हो । कुनै देशका जनतासँग भावनात्मक संवन्ध हुनुलाई अस्वभाविक मान्न सकिदैन ।

तर देशमा कस्तो खालको राजनीति ठिक होला ? अर्थात नेपालको भूराजनीति कस्तो हुँदा यहाको माटो सौंउदो हुन सक्छ ? त्यसबारेमा हामि सबैको उत्तिकै चासो हुनुपर्छ । हाम्रो देशमा कम्युनिष्ट किन अपच्य भयो ? यही आजको हाम्रो छलफलको बिषय हो । देशको माटोमा कम्युनिष्ट बिचार नपचेको किन हो ?

लामू समयदेखि कम्युनिष्टको बिचार बोकेका, व्यवहारमा उतारेका पुराना कम्युनिष्टका खम्बा कहिलाएकाहरू पनि उत्तर बिहिन बन्न पुगेका छन् । कहिलेकसो उनिहरूको बिचार अष्पष्ट आएका पनि हुन्छन् । उनिहरूले दोहोरो अर्थ लाग्ने खालका बिचार व्यक्त गरेका हुन्छन् । त्यो सबै उनिहरूको कुरा हो ।अब देशको र देशका अधिकाँस जनताको लागि कस्तो व्यवस्था आए ठिक होला ? त्यसबारेमा भन्नुपर्दा देश र जनताको हितमा यो अहिलेको पुँजिवादी व्यवस्था ठिक छैन ।फेरी कस्तो ठिक होला ? नेपाल सदियौं देखि स्वतन्त्र राष्ट्रको रूपमा रहेको विश्वको इतिहास छ ।देशमा प्रचुर मात्रामा साधन श्रोत पनि छन् । यस्तो विकासका तमाम आधार हुँदाहुदै आखिर किन पछिडिएको छ ? के भूपरिबेष्ठित हुनु यसको कारण हो ? थोरै जनसंख्या भएको यो देश विश्वमै धनमान् हुनुपर्ने आखिर किन गरिबीको रेखामुनि झुण्डिएको छ ? यद्यपि विश्वको कुनै कालखण्डमा देश कसैको गुलाम नभएको ऐतिहासिक तथ्य हाम्रो अगाडी छ । अहिले यसैमा गहन शमीक्षाको जरूरी छ ।

हाम्रो कम्जोर पक्ष झ्यास्सै आर्काको विश्वास गर्ने रह्यो । जसलाई अंग्रेजहरूले प्रष्ट रूपमा बुझे र सुगौली संन्धि सँगै गोरखा भर्ती केन्द्र सुरूगरे ।उनिहरूले नेपालका विर पौरखी युवाहरूलाई रोजगारको सपना देखाए र आफ्नो वुद्धी र गोरखालीको बलमा आफ्नो भबिश्य देखे । नेपालीहरू लडाकु,बफादार, सुरवीर र निडर भएकाले अंग्रेजले नेपालीहरूलाई उपयोग गर्यो । छिमेकमा रोजगार पाएपछि युवाहरू तेतै भूले शाशकहरूले कमिसनमा देश चलाउन थाले ।यही व्यवहारले देशमा बिकास हुनसकिन । पछिल्ला दिनहरूमा आएका नेताहरू पनि त्यसैमा रमन्थाले ।हुँदाहुदै नदिनालाको सम्झौता र देश समेतलाई धरौटीमा राखेर पनि ऐयाशी गर्नथाले । बहुदलिय व्यवस्था आएपछि पनि जुनसुकै झण्डा बोकेका भएपनि दलाली गर्न उनिहरूलाई त्यो झण्डाले रोक्न सकेन । छिमेकीले पनि त्यहीनै चाहन्थ्यो ।

रातो झण्डा छोपेकाहरूलाई आफ्नो दलाल बनाउदा उनिहरूलाई बढी फाइदा हुनसक्थ्यो । एक त उनीहरू द्वारा आफ्नै देशका लाल फितासाहीलाई कम्जोर बनाउन सकिन्थ्यो अर्को बिरोध गर्नेहरू नभएपछि देशको दोहन गर्न सजिलो हुनथ्यो । त्यसैले उनिहरूलाई आफ्नो गुप्तचर बिभागद्वारा आफ्नो नजिक तान्न थालियो र त्यसमा उनीहरू काफी हदसम्म सफल पनि भए । त्यसैको परिणाम देशमा विकासको सट्ट भएका कलकारखानाहरू समेत बन्द हुने कगारमा पुगे जसलाई व्यवस्थित गर्ने बहानामा नीजिकरण गरियो । उनिहरूको दलालि गर्ने र सुख्ख सँग धनमान बन्ने र सत्तामा रहिरहने लोभले गर्दा पनि विकास नहुनुको कारण हो । अझै हामीले यसबारेमा गृह कार्य गर्न सकिरहेका छैनौं । देशमा नागरिकहरू अत्यान्तै दुखी भएकाछन् । भिषण बिषफोटको आधार तैयार हुँदैआएको छ । तर कुनै न कुनै रूपमा समय समयमा त्यसको अभ्यास पनि हुँदै आएको छ ।

जो अहिले जेन्जीडको माध्यायमबाट भयो । यो देशमा हुनसक्ने सम्भावित भयंकर बिष्फोटको सङ्केत मात्र हो । यदि समयमै यसबारे गृहकार्य गरेर समाधान हुनसकेन भने भबिष्यमा ठुलो घट्ना घट्न सक्छ । अब हाम्रो देशलाई कस्तो खालको व्यवस्थाको आवस्यकता छ ? यो देशमा ठुलो पैमानामा श्रमजीवी जनताहरू छन् जो देश विदेशमा आआफ्नो परिश्रम न्यूनतम् ज्यालामा बेच्न बाध्य छन् । देशभित्र रोजगार छैन नागरिकको अरू कुनै जीवन निर्वाहको आधार भनेको जमिन हो । कृषिप्रधान् देश भनेर पनि चिनिन्छ । जमिनमा पनि अनिमिता छ केही मुट्ठिभर जमिदार वा गोठी सँग धेरै जमिन्छ भने ९५ प्रतिसत किसान सँग ५% जमिन छ । जसले परिश्रम गर्छन् उनिहरू सँग जमिन छैन, जसले काम गर्दैनन् उनै धनमान् छन् उनिहरू सङ्ग ९५% भूमि छ । उनै देशमा बिभिन्न निकाएंमा अधिकृत वा ठुलठुला पदमा आसिन छन् । यस्तो अवस्थामा कानुन् व्यवस्था कठ्पुतली जस्तै छ ।

समाजमा धार्मिक र जातिय असमानता,लैङ्गीय बिभेद ,आदिले अक्रान्त छन् । भ्रष्टाचार, महंगी र अपराध लगायतका तमाम समश्यहरू समाजभित्र छन् ।यस्तो अबस्थामा नेलमा कृर्षि क्रान्तिको नितान्त आबस्याकता हुन्छ । किन की हाम्रो देशको मूल आयश्रोत भनेको कृषि हो । त्यसकारण जमिन जोत्नेलाई दिइन्छ भने देशमा अनाजको उत्पादन हुनसक्छ ।देशको ठुलो समश्या कृषि क्रान्तिबाट समाधान हुनसक्छ । त्यो कम्युनिष्टको नेतृत्वमा नै सम्भव छ ।क्रान्तिकारी कम्युनिष्ट पार्टी मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ्ग बिचारधारामा आधारित कम्युनिष्ट पार्टीको नेतृत्वमा नौलोजनवादी क्रान्ति देश र जनताको अहिलेको आवस्यकता हो । यस्तो प्रष्ट हुदाहुदै पनि मानिसहरू कम्युनिष्टबाट किन टाडा हुन्छन् ? यही देशको बिडम्वना हो ।

वास्तबमा कम्युनिष्ट पार्टी भनेको भौतिकवादमा आधारित राजनैतिक पार्टी हो । हाम्रो समाज भनेको आध्यात्मकवादी परमपरामा हुर्केको छ र त्यसैभित्र उल्झेको छ । यही दुइटा परसपर बिरोधी तत्वहरूको असन्तुलनका कारण हाम्रो समाजले कम्युनिष्ट बिचारधारालाई पचाउन सकिरहेको छैन ।यसले कार्लमार्क्सको त्यो भनाईलाई प्रष्टपारेको छ । धर्म भनेको अफिमको नसा हो ।.. नेपाली समाजले धर्म गर्न पनि लगातार पापनै गरेका हुन्छन् ।यस्तो रूढीवादी समाजमा भौतिकवादको विकास सजिलै हुन नसकेको हो । हाम्रो रूढीवादी बिचारधाराले शोषकहरूलाई द्रबिलो र प्रभावशाली बनाएको हुन्छ । आज पाठशाला जस्ता शिक्षण संस्थाहरूमा पनि आर्थिक जोह गर्न महाज्ञ अर्थात भगवानको आरधना गरिन्छन् । चरम रूढिवादी समाजमा भौतिकवादी बिचारधारा दुई ढुङ्गाको तरूल जस्तै बनेर बसेको हुन्छ ।

समाजमा आरन लगाउने इञ्जिनियर हरूलाई अपमानित गरिन्छ, तिरस्कार गरिन्छ । फूलबुट्टा भरेर मानव समाजनै सिङ्गारनेहरू अपहेलित हुन्छन् । यसो भन्दा अशान्दर्भिक नहोला तमाम श्रमजीविहरूको परिश्रम अबमूल्यन हुदै आएको छ । तमाम उनिहरूका आविस्कारहरूलाई अदिश्य र काल्पनिक शक्तीको चमत्कार भन्ने गरिन्छ । त्यसैले यो मानव समाजले ठिक वेठिक छुट्याउन नसकेको भन्नुपर्छ र यस्को भ्रत्शान गर्न हिचकिचाउनु हुदैन । यदि हामी कम्युनिष्ट बिचारधाराका व्यक्ति हौं र देशमा शान्ति सुव्यवस्था चाहान्छौ भने सर्वप्रथम रूढिवादमा आधारित तमाम बिचारधारालाई त्यागनु पर्छ र सही र सत्यतामा आधारित न्याय सङ्गत रोज्नु पर्छ । त्यसले हामीलाई भौतिक बिचारको नजिक पुराइदिन्छ । भौतिक बिचार हामीले गह्रण गर्न सक्यौं भने बल्ल कम्युनिष्टको बाटो पचछ्याउन पुग्ने छौँ । जो हाम्रो देश र यो देशका जनताको हितमा हुने छ ।

अहिले जेन्जी आन्दोलनले थोरै समयमा धेरै उथलपुथल पार्यो ।त्यसतो किन हुनसक्यो ? जबकी कम्युनिष्ट क्रान्तिकारीहरूले साडे सात दशकसम्मको लामो यात्रामा गर्न सकेका छैनन् । यद्यपि जेन्जीड्ले उठाएका मुद्धाहरू उनिहरूले सुरू देखि उठाउदै आएका छन् । आर्को सवाल यँहीनिर उभिन्छ, त्यो व्यवहारिक पक्ष । भ्रष्टाचारको बिरोध गर्नेहरू स्वायम भ्रष्टाचारी बन्दै गए त्यसैको परिणाम पटक पटक समाजमा बिस्फोट हुदै आएको छ । अहिले त्यो आन्दोलनको नेतृत्व देख्दा जेन्जीले गरेको जस्तो लाग्छ ।तर त्यो कति सत्य हो भन्नेबारेपनि छर्लङ्गै हुँदै आएको छ ।

माथि भनेको जस्तै अहिलेको अबस्थामा क्रान्तिकारी पक्षको आत्मगत अवस्था तैयार छैन । क्रान्तिकारी शक्तिको आत्मगत अबस्था तैयार हुन नसक्दाको नतिजा बिष्फोटलाई उस्तै शक्तिले हत्याएको हुनसक्छ । देशभक्त शक्ति कम्जोर भएको बेला विदेशीको झोलीमा पर्ने उत्तिकै खतरा हुन्छ ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ कार्तिक ११, Oct. 28 2025





## अन्तिम पातो - शाश्वत शर्मा

# अब फेरि आन्दोलन

मेयर बालेन साह भन्छन्- कांग्रेस एमालेले एकअर्काका घर जलाए । बालेनको यो भनाइलाई लिएर एकथरि चिन्तकले प्रश्न तेर्स्याए- उसोभए सिंहदरवार, सर्वोच्च अदालतजस्ता सम्पदाहरू बालेन साहले जलाएका हुन् त ? एक विश्लेषकले बालेन साहलाई लुसिफरको संज्ञा दिएका छन् । बालेन साहले मुख फर्काएका छन्- 'चियाको टाइममा रगत पिएर अरूलाई लुसिफर भन्छौ ! लाज लाग्दैन ?' बालेन साहका तीखो प्रतिकृया आएको छ ।




आफूलाई जेनजीका अगुवा दावी गर्ने सुदन गुरूङले पत्ता लगाए- सिंहदरवारमा काम गराउन जहींतहीं पैसा खर्च गर्नुपर्ने रहेछ । घूस दिनुपर्ने रहेछ । यो घुस्याह चलन हटाउन क्रान्ति गर्ने (भदौ २३, २४) सुदनले र उनको हामी नेपाल अभियानले अहिलेसम्म कुनै योजना अघि सारेको छ त ? घुस्याहमाथि कारवाही गर्न कुन कुन निर्णय गराउन सकेको छ ? सुदनलाई मात्र होइन, सबैलाई थाहा छ कि सिंहदरवार भ्रष्टाचारको अखडा हो भनेर । पालिकासम्म फैलिएको सिंहदरवार शैली हट्न हटाउन सकिने स्थिति अहिले पनि छैन । भ्रष्टाचार छ, सुशासन चाहियो भन्ने जेनजी पुस्ताले महिनौंसम्म के हेरेर बसेका छन् ? अब त भ्रष्ट नेता र पार्टीहरूले नै भन्न थालेका छन्- जेनजीहरूले गाउँसम्म उठ्ती धन्दा चलाउन थालिसकेका छन् । जेनजीको नाममा धन्दा चलाउने ती को हुन् ? किन बोल्दैनन् सच्चा जेनजीहरू ? केही जेनजीले त जलविद्युत आयोजनामा मुफतमा सेयर कायम गराएछन् । बाह्रथरि कुराहरूले जेनजीहरू पनि बदनाम हुँदैछन् ।

सुदन गुरूङ र सिङ्गो मुलुक बालबालिकाको टाउको, छातीमै गोली ठोकेर मार्नु निन्दनीय विषय भनेका छन् । अब त अन्तर्राष्ट्रिय मानवाधिकारवादी संसाद र राष्ट्रसंघका निकायले पनि आपत्ति जनाइसकेका छन् । तर जेनजी र सुदन गुरूङहरू सरकार बनाउन सक्छन्, कारवाही गर्न गराउन सक्दैनन्, किन ? बालबालिकालाई मार्नेमाथि कारवाही गर्न गराउन नसक्नेले ठूला काम के गर्लान् ?

हिजोका शासकहरूले आगो लगाएर सम्पदा जलाउने बाहेक मुलुकको दोहन गरेर मुलुक सिध्याउन कुनै कसर बाँकी राखेनन् । माओवादीले जनयुद्धकालमा मार्ने आगो लगाउने काम गरेकै हो, लोकतान्त्रिक चोला फेरेपछि १८ वर्षमा ११ वर्ष सत्ताको साझेदार भएर लुट्नुसम्म लुटेकै हो । ती दल र यो जेनजी सरकारमा भिन्नता के रह्यो ? हिजो पनि न्याय थिएन, आज पनि न्याय मारिदैछ । आन्दोलनमा फ्रि टिवेटवालाहरू आए । दलाई लामाले सबैभन्दा पहिलो बधाई जेनजी सरकारलाई नै थिए । चीन सशंकित बन्न पुगेको छ । कतै सच्चा जेनजीको काँधमा आन्दोलन, बिद्रोहको भारी बोकाएर राष्ट्रविरूद्ध गम्भीर षडयन्त्र त भइरहेको छैन ? आन्दोलनका क्रमका घटनामा जेनजीहरू समातिएका छन्, कारवाहीमा परेका छन् । गृहमन्त्री ओमप्रकाश अर्यालले दुर्गा प्रसाईको आन्दोलनमा छुट नदिने बताएका छन् । पार्टीहरूलाई प्रहरीको लुटिएका हतियारको दुरूपयोग नगर्ने प्रत्याभूति उनैले मागेका छन् । छिमेकी भड्काउने, पार्टीहरूलाई आक्रोसित पार्ने कार्यले चुनाव कसरी हुन्छ ? शासन्तसुरक्षा कसरी कायम हुन्छ ? मनोबल गिरेको प्रहरीले कसरी काम गर्छ ? यसमाथि अधिवक्ता स्वागत नेपाललाई साइबर मुद्दामा फसाउने प्रपञ्च भइरहेको छ । भन्नलाई निरंकूश ओली भन्ने, व्यवहारमा ओलीभन्दा निकृष्ठता देखाउने वर्तमान जेनजी सरकारले अर्को आन्दोलनलाई निम्त्याउन थालेको अनुभूति गरिदैछ ।

वास्तविक जेजनी पुस्तालाई पन्छाएर अँध्यारो कोठाबाट नक्कली जेनजीहरू सक्कली जेनजीहरूलाई उक्साउन थालेका छन् । जो अस्पतालमा छन्, तिनीहरूसमेत यो सरकारबाट असन्तुष्टि पोख्दैछन् । यो सरकारले घाइतेको उपचारमा खेलाँची गरेको, सहिदलाई दिने भनेर घोषणा गरेको क्षतिपूर्ति पनि दिइरहेको छैन । अस्पतालको बेडबाट, शरीरमा गोली बोकेका असली जेनजीहरू भनिरहेका छन्- बरू हामीलाई केही चाहिँदैन, जेनजीले उठाएका सुशासन र भ्रष्टाचार मुक्तिका लागि काम गरिदिनोस् । सरकरमा बस्नेले घाइते जेनजीहरूलाई समेत भेट्न छाडेका छन् । वास्तविक जेनजीहरूको सुनवाई हुने कुरामा शंका बढेको छ । समय घर्क्याउन कृष्णबहादुर महराजस्ता कमजोर कडीलाई थुनेजस्तो गर्ने, प्रचण्ड-शेरबहादुर देउवा-केपी ओलीलाई सम्पत्ति शुद्धीकरणले छानबिन गर्दैछ भनेर हल्ला फिजाइएको छ । सयौं काण्डका फाइलहरू जिउादो छँदाछँदै फाइल नखोल्ने, भ्रष्टाचारीमाथि कारवाही गर्न नसक्ने, बालबालिकाको हत्या गर्ने तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई पक्राउ गर्न नसक्नेयो नक्कली जेनजी सरकारले केही गरेको देखिदैन । तिनका जलाइएका घरमा भेटिएका केही सुन र डढेका नोटबाट छानबिन हुँदैछ भनिदैछ । यो सरकार नक्कली जेनजीकै सरकार हो, जोसँग सक्कली जेनजी पुस्ता असन्तुष्ट । दिनानुदिन यो सरकारले गर्नुपर्ने काम नगरेर आफ्नो मुखुण्डो उघारिरहेको देखिन्छ । भ्रष्टाचार निवारण, सुशासन, कार्यकारी प्रधानमन्त्रीको निर्वाचन, संविधान संशोधन, संघीयता खारेजी केही पनि नहुने भएको छ । स्वयम् प्रधानमन्त्रीले चुनावमात्र आफ्नो कार्याधिकार रहेको बताएर जेनजीपुस्तालाई निराश बनाएकी छिन् । बालबालिकाले किन ज्यान दिए, रगत बगाए, यो यक्ष प्रश्न बनेको छ ।

यो सरकारबाट केही हुन्छ भनेर आश नगर्दा हुन्छ । गत असोज ३ गते सैनिक मञ्चबाट संविधान दिवस मनाउँदै प्रधानमन्त्रीले थप निराश पारेकी थिइन् । यसपछि प्रष्ट भयो- जेनजी पुस्ताका कुनै पनि माग पूरा हुने छैनन् । कुनै मिसन पूरा गर्न स्थापना गरिएको यो सरकारले नेपालीको अपेक्षाको मतलव राख्नेछैन । सर्पलाई छाडेर नागलाई अँगाल्न बाध्य पारिएको घटना बन्यो भदौ २३, २४ मा नवयुवाहरूको हत्या । २४ गतेपछि कत्लेआम र आगजनीबाट भयभित भएका नेताहरू स्थिति सम्हालीदिन राजाकोमा पुगेका थिए । सबैको लिखित सहमति खोजेपछि पार्टीहरू पन्छिए । विषयान्तर गर्न भारत मानेन, अमेरिका मानेन प्रचार गरियो । अब फागुन २१ मा यो सरकारले चुनाव गराउँछ भनिदैछ । तर एमाले बिच्किएको छ । एमाले अध्यक्ष जो भदौ २४ गते सेनाको शरणमा भागेका थिए, ५ मिनेट ढिला भएको भए मार्ने रहेछन् पनि भन्छन्, केपी ओलीले सर्वोच्चबाट संसद पुनर्स्थापना हुने र आफै पुन: प्रधानमन्त्री बन्ने दावी गर्न समेत भ्याइसकेका छन् । कानुनव्यवस्था भाँडिएको छ, धेरैथरिले आन्दोलन गर्ने भन्दैछन् । एकथरि जेनजी पुस्ता पनि आन्दोलन हुन्छ भनिरहेका छन् । देउवा राजनीतिबाट पन्छिदै छन्, कांग्रेसी नेता गोपालमान श्रेष्ठले राजालाई पनि समेटेर अघि बढौं भन्दा कांग्रेस तरङ्गित बन्न पुगेको छ । सच्चा जेनजी पुस्तालाई नजरअन्दाज गर्न अनेक चलखेल भइरहेका छन्, अर्थात् अर्को द्वन्द्व हुने जोखिम छ । यो जोखिमबाट स्थिरता र शान्ति कसरी आउला र ?

# यी काला बादल हुन्, बादल फाट्नुपर्छ




राज्यदमनले राजनीति धुवैंधुवामय भएको छ । राजनीतिक प्रदूषण यसरी बढेको छ कि यसमा विदेशलाई दोष दिएर यी तीन नेताले फुर्सद पाउँदैनन् ।

भदौ २३ र २४ गते कांग्रेस, एमालेको सरकारले बालबालिकामाथि गोली हानेर हत्या गरेकै हो । ७५ भन्दा बढी जेनजी पुस्ताले ज्यान गुमाए, दशैं तिहार भन्न पाएनन् । यो राज्य दमनप्रति विश्वले चीलका आँखाले हेरिरहेको छ, जिम्मेवारी लिन कोही तैयार छैनन् ।

यस्तो पनि लोकतन्त्र हुन्छ ?

१० वर्षे जनयुद्ध लड्ने प्रचण्ड पनि भ्रष्टाचारमा मुछिएका छन् । उनले देखाएको सपना पूरा गरिदिएका भए, आज जेनजी पुस्ता सडकमा आउनुपर्ने थिएन । उनी पनि ३ पटक प्रधानमन्त्री बने, सत्तामै रमाए । समाजवादी देउवा ५ पल्ट प्रधानमन्त्री बने, अझै सत्ताकै सपना देखिरहेका थिए । एमालेका ओली राजनीति मैले जानेको छु भन्थे, ४ पल्ट प्रधानमन्त्री बने, बालबालिकाको रगत पिएर कलंकिन हुनपुगे ।

यी तीन नेता ३७ वर्षदेखि नेपाली राजनीतिमा छाएका नेता हुन् । आलोपालो सत्तालाई उखु चुसेझैं चुस्ने नेता हुन् । तर राजनीतिक र सांसारिक जीवनको उत्तरार्द्धमा आएर कलंकिन हुनपुगे ।

तीन शीर्ष नेताका कारण देश रक्तकुण्ड बन्यो । राजनीति अपराधले बदनाम भयो । सुशासन रहेन, कानुनव्यवस्थामा अपराधिकरण गर्ने यिनै हुन् । यिनकै कारण देश शोकमा छ, देशैभरि पीडा छाएको छ । समाजमा असन्तुष्टि थियो, बालबालिकाको मृत्युले देश अशान्त बन्नपुगेको छ । यस्तो विषादपूर्ण स्थितिमा पनि यी नेताहरू जेनजी पुस्तालाई गिज्याइरहेका सुनिन्छन् । जुन दुर्भाग्यजनक हो । किनकि आफ्नो राजनीतिक जीवनमा कालो पोतिएको, नागरिकमा आफूप्रति घृणा फैलिएको यिनले चाल पाएर पनि बुझ पचाएका छन् ।

राजनीति शास्त्रमा यिनीहरू लज्जाहीन नेता हुनपुगेका छन् ।

खुशवन्त सिंहले भनेकै थिए- राजनीति बेश्यागिरिभन्दा निर्घिनी छ ।

पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई जेनजी पुस्ताले छाने, उनी प्रधानमन्त्री छिन् । उनले जेनजीको सपथ खाइनन्, संविधानको सपथ खाइन्, यसकारण जेनजी पुस्ताको जीत खोसियो । यिनै तीन षडयन्त्रकारीको फन्दामा राजनीति पुग्यो । यिनले अझै भन्न सकेनन्- हामी असफल भयौं, हामीले जनअपेक्षा पूरा गर्न सकेनौं, क्षमा माग्छौं । क्षमा मागेर जेनजी पुस्तालाई कर्तव्य पूरा गर्ने शिरोभारो सुम्पेको भए यी नेताको मनमा हरि रहेछ भन्ने देखिन्थ्यो । यो त सर्पको मुखमा परेको भ्यागुताले पुतली खान खोजेजस्तो भयो ।

समाज बिथोलिएको छ । शासन प्रशासन, कानुनव्यवस्था सबै लथालिङ्ग छ । भ्रष्टाचारीको के हुने, दमन र विध्वंशकारीलाई के गर्ने ? जाँचबुझ गरेर रिपोर्ट तैयार गर्ने कि घातकहरूलाई दण्डित गर्ने कि, चुनाव गराउने वातावरण मिलाउने ? सरकारमाथि दायित्व धेरै छ, अन्योल बढेको छ । ठूला पार्टी र यी तीन नेता आफू कसरी कारवाहीबाट बच्ने उपाय खोजिरहेका देखिन्छन् । जेनजी पुस्ता र आमनागरिक तत्काल कारवाही खोजिरहेका छन् । सरकार के गर्ने नगर्ने, अन्यौलमा देखिन्छ ।

बिध्वंशको जिम्मा कसले लिने भन्ने प्रश्नभन्दा पनि देशमा कसरी स्थिरता र सुस्थिरता कायम गर्ने भन्ने अहं सवाल उठेको छ । यथार्थमा जसरी गत चैत १५ गते सरकारले आन्दोलनकारीमाथि षडयन्त्र गरेको थियो, त्यस्तै षडयन्त्र बिध्वंशमा राजयले, पार्टीले गरेका छन् । मनोबल बढाउनु छ, अराजकता रोक्नुछ । यसका लागि यी तीन नेताले मार्ग प्रशस्त गरे भने त्यो सम्भव छ । परीक्षा यी तीन नेताको छ, यिनलाई सद्बुद्धि आओस्, देशले सुशासन पाओस् । - *फणिन्द्र पन्त*

# नागरिक समाज

नागरिक समाज त छैन तर नागरिक अगुवा भन्नेहरूले पहिलोपल्ट राजनीतिक दलको नेतृत्व अविलम्ब हस्तान्तरण हुनुपर्छ भनेका छन् ।

२४ जना नागरिक अगुवाहरूले भनेका छन्- राजनीतिक दललाई नेतृत्व हस्तान्तरण गर्न आह्वान गरेका छन् । नागरिक अगुवाहरूले सरकार, राजनीतिक दल र जेन्जीलाई गम्भीर चिन्ता व्यक्त गर्दै नेतृत्व हस्तान्तरणको लागि आह्वान गरेका हुन् । उनीहरूले शान्तिपूर्ण वातावरण बनाउन र संवाद थाल्न सरकारलाई आग्रह गरेका हुन् ।

ध्यानाकर्षण गराउनेहरूमा लोकराज बराल, गणेशमान गुरूङ, रत्न संसार श्रेष्ठ, उपेन्द्र कोइराला, सुशील प्याकुरेल, चण्डेश्वर श्रेष्ठ, कनक दीक्षित, रेणु अधिकारी, शरद वन्त, महेश मास्के, परशुराम तामाङ, शङ्कर सुवेदी, झलक सुवेदी, कुन्दन अर्याल, टीकाराम भट्टराई, शोभाकर बुढाथोकी, उषा झा, गीता त्रिपाठी, राधिका खतिवडा, भागिराम चौधरी, राजेन्द्र महर्जन, चूर्णबहादुर चौधरी र बिन्दु शर्मा रहेका छन् ।

## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

**जुवातास खेले वा खेलाएमा, मलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा**

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैयासम्म जरिवाना,
- यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुने लगायतका कानूनी व्यवस्था छ ।

**त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

